# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ५१ | काठमाडौं | बुधवार, ३० जेठ २०८१ | Prabhab National Daily | Wednesday, June 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


गण्डकी प्रदेशको नीति तथा कार्यक्रम

## कृषि, शिक्षा स्वास्थ्य र पर्यटन प्राथमिकतामा



**गण्डकी–** गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा कृषि, शिक्षा स्वास्थ्य र पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेको छ । गण्डकी प्रदेशसभाको मंगलबारको बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले दिगो शान्ति, सुशासन, विकास र समुन्नति प्रदेश सरकारको गन्तव्य रहेको बताए ।

नागरिकको आधारभूत आवश्यकताका अतिरिक्त स्वास्थ्य, शिक्षा, खानेपानीजस्ता मौलिक हकका सवालमा गण्डकी प्रदेश सरकार गम्भीर रहेको उनको भनाइ छ । संवैधानिक कार्यसूचीको कार्यान्वयन, कानुन निर्माण, प्रदेशका सबै स्थानीय तहमा सडक सञ्जालको विस्तार र स्तरोन्नति, गुणस्तरीय खानेपानीको पहुँच, रोजगारी सिर्जना, विपद् व्यवस्थापनलगायतका अभिभारा पुरा गर्न सरकार प्रतिबद्ध र जिम्मेवार रहेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाका उपलब्धि र रणनीतिको समीक्षा गर्दै दोस्रो पञ्चवर्षीय योजनाले 'आत्मनिर्भर र समुन्नत प्रदेश: सम्मानित प्रदेशवासी' को सोच लिएको प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ । बजेट तथा कार्यक्रम तर्जुमालाई सन्तुलित र औचित्यपूर्ण बनाउन प्रदेश आयोजना बैंक स्थापना गर्न प्रदेश सरकार केन्द्रित रहेको प्रदेश प्रमुख भट्टले बताए । कार्यान्वयनमा रहेका, रुग्ण, समस्याग्रस्त योजनाको विद्यमान अवस्था र भावी व्यवस्थाका लागि अध्ययन गरी सुधार तथा परिमार्जन कार्यारम्भ गरिएको प्रदेश प्रमुख भट्टले बताए ।

(क्रमश: पृष्ठ २ मा)

### आकर्षक नारा

- आत्मनिर्भर र समुन्नत प्रदेश: सम्मानित प्रदेशवासी
- प्रदेश सरकारको साझेदारी: बाँझो रहन्न खेतबारी
- एक निर्वाचन क्षेत्र, एक प्रविधिमैत्री स्मार्ट कृषि फार्म
- पोखरा जाऔं, प्रकृति र संस्कृतिसँग रमाऔं
- पहिले घरदेश अनि परदेश
- मेरो स्वास्थ्य: मेरो जिम्मेवारी
- सामुदायिक क्याम्पससँग प्रदेश सरकार
- उत्पादनसँग युवा अभियान
- डिजिटल गण्डकी : बढाउनु छ रोजगारी र समुन्नति
- स्वस्थ जीवन, हाम्रो अभियान
- समुन्नत प्रदेश: प्रभावकारी सेवा

प्रमुख दलहरूप्रति जसपा नेपालको विश्लेषण

# भ्रष्टाचारमा डुबेको कांग्रेस, पतनोन्मुख एमाले र कमिसनतन्त्रमा लिप्त माओवादी

■ जेबी योञ्जन

- कांग्रेस सहभागितामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरुद्धमा उभिने गरेको टिप्पणी
- आगामी केही वर्ष वा दशकभित्र एमालेसहितका कम्युनिस्ट पार्टीहरु फेरि उठ्न नसक्नेगरी पतनको दिशामा उन्मुख
- माओवादी केन्द्र चिन्तन र व्यवहारमा ढुलमुले, अवसरवादी चरित्र हाबी भएको दाबी
- लोसपा मित्र र जनमत शत्रु शक्ति, रविको दल रास्वपाबारे मौन



**काठमाडौं–** पहिलो एकता महाधिवेशनमा व्यस्त जनता समाजवादी पार्टी (जसपा) नेपालले राजनीतिक व्यवस्था, एजेण्डा र वैचारिक धारमा केन्द्रित रहेर सत्तारुढ र विपक्षी दलहरूप्रति मसिनो गरी विश्लेषण गरेको छ । जनकपुरमा जारी महाधिवेशनमा छलफलका लागि अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा सुरुमै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसलाई भ्रष्टाचारमा डुबेको र वैचारिकरूपमा विमुख भइसकेको दल बताएका छन् । यतिसम्मकी कांग्रेस प्रमुख प्रतिपक्षको भूमिका निभाउन नसक्नेगरी थडथिलो भइससकेको यादवको विश्लेषण छ ।

'कांग्रेसको शासनकालमा लाउडा, घमिजा, सुडानजस्ता ठूलठूला भ्रष्टाचार काण्डहरू भए तर कहिल्यै विश्वसनीय छानबिन भएन । सुशासनको सवालमा यो पार्टीको प्रतिबद्धता व्यवहारमा देखिएन,' यादवको प्रतिवेदनमा छ, 'आज कांग्रेस आफ्नै असक्षमता, अकर्मण्यता र नालायकीको भारले थिचिएको छ । प्रमुख प्रतिपक्षको भूमिकासमेत राम्ररी निभाउन नसक्नेगरी थडथिलो भएको छ ।'

कांग्रेसलाई संघीयताविरोधी र अधिकारको पक्षमा लड्नेहरूको विरोधी शक्तिको रूपमा पनि जसपाले चित्रण गरेको छ । 'यो पार्टी उत्पीडित जनताको मुक्ति, पहिचान र अधिकारको विपक्षमा छ । संघीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात छ,' प्रतिवेदनमा यादवले भनेका छन्, 'कांग्रेस सहभागितामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरूद्धमा उभिने गरेको छ ।'

कांग्रेसका धेरै नेताहरू संघीयता, समावेशिता र धर्मनिरपेक्षताको विरुद्धमा उभिन थालेको पनि राजनीतिक प्रतिवेदनमा उल्लेख छ । यसअघि प्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि धर्मनिरपेक्षता र संघीयताको सवालमा कांग्रेसप्रति यस्तै विश्लेषण गरेका थिए । यद्यपि, कांग्रेससँग लोकतन्त्र र राष्ट्रियताको सवालमा सहकार्य गर्न सकिने भनिएको छ ।

राजनीतिक जीवनलाई नेकपा एमालेमा छँदै उचाइ दिएका अध्यक्ष यादवले एमालेलाई भने पतनोन्मुख भएको टिप्पणी गरेका छन् । उनको शब्दमा भन्दा आउँदा केही वर्ष वा दशकभित्र एमालेसहितका कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्नेगरी पतनको दिशामा उन्मुख छन् । एमालेको राजनीतिक व्यवहार र सञ्चालन गरिरहेको सरकारले यही कुरा पुष्टि गर्दछ । हालैका दिनमा जसपा नेपालबाट अशोक राईसहितको एउटा टिम अलग भएर छुट्टै दल जनता समाजवादी पार्टी (जसपा) गठन गरेपछि यादव एमाले र माओवादी केन्द्रप्रति थप चिढिएका छन् । यस्तो अवस्थामा महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा यादवले एमालेप्रति कडा टिप्पणी गरेका हुन् ।

उनले एमालेलाई अधिकार माग्ने वर्ग र समुदायप्रति दमनात्मक ढंगले प्रस्तुत हुने दलको रूपमा पनि चित्रित गरेका छन् । 'वर्तमान संविधान जारी गर्दा बखत कांग्रेससँग मिलेर मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम, खस-आर्य, दलित, महिला, पिछडावर्ग आदि आन्दोलनलाई निर्ममरूपले दमन गर्ने, संसदीय शासकीय प्रणाली कायम राख्ने, पहिचान र सामर्थ्यका आधारमा राज्य पुन:संरचना हुन नदिनेमा एमालेको प्रत्यक्ष संलग्नता रहेको छ,' प्रतिवेदनमा उल्लेख छ । यादवले माओवादी केन्द्रका नेता कार्यकर्तालाई भने जग्गा दलालसम्म भनेका छन् ।

(क्रमश: पृष्ठ २ मा)

### राजनीतिक प्रतिवेदन पारित

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जनकपुरमा जारी पार्टीको प्रथम एकता महाधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन सर्वसम्मत पारित भएको छ । महाधिवेशनको बन्द सत्रमा प्राप्त सुझावलाई समेटेर ३१ पृष्ठको प्रतिवेदन पारित गरिएको हो । अध्यक्ष यादवले राजनीतिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि महाधिवेशनअन्तर्गतको बन्दसत्रमा समूहगत छलफल भएको थियो ।

(क्रमश: पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# नेपाली श्रमिकलाई २४ घण्टे बिमा सुविधा दिन मलेसियासँग आग्रह

■ प्रभाव संवाददाता





**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले रोजगारीमा रहेका नेपाली श्रमिकलाई २४ घण्टे बिमा सुविधाको व्यवस्था गर्न मलेसिया सरकारलाई आग्रह गरेका छन् ।

मन्त्री अर्यालले स्वीट्जरल्याण्डको जेनेभामा जारी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को ११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन (आइएलसी) मा सहभागी हुने क्रममा मलेसियाका मानव संसाधनमन्त्री स्टीभन सिम ची केओङसँगको भेटवार्तामा उक्त आग्रह गरेका हुन् । मन्त्री अर्यालले नेपाल सरकारले श्रमिकको सीप विकासलाई प्राथमिकतामा राखेको बताउँदै सीप विकासका लागि सहकार्य गर्नसमेत मलेसियन समकक्षीसँग आग्रह गरे । 'हामी नेपाली श्रमिकलाई सीप सिकाएर पठाउन चाहन्छौं, तपाईहरूले चाहेको सीपसहितको श्रमिक पठाउन हामी इच्छुक छौं, नेपाली श्रमिकको सीप विकासमा सहकार्य गरौं,' उनले भने ।

मन्त्री अर्यालले मलेसियासँगको श्रम सम्झौताका लागि नेपाल सरकारले अन्तिम तयारी गरेको जानकारी गराए । परराष्ट्र र कानुन मन्त्रालयको राय प्राप्त भएपश्चात् श्रम सम्झौता नवीकरण गरिने उनले बताए । भेटमा मन्त्री अर्यालले मलेसियन मन्त्रीलाई नेपाल भ्रमणका लागि निम्तोसमेत दिए ।

(क्रमश: पृष्ठ २ मा)

उद्योग व्यवसाय विशेष जिल्ला कमिटी अधिवेशन

# सचिवसहित आधा दर्जन सदस्यमा वैदेशिक रोजगार व्यवसायी निर्वाचित

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेकपा एमालेको उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको दोस्रो अधिवेशन सम्पन्न भएको छ । उक्त अधिवेशनमार्फत वैदेशिक रोजगार क्षेत्रमा नेतृत्व गरिरहेका व्यवसायीहरू विभिन्न पदमा निर्वाचित भएर बलियो उपस्थिति जनाएका छन् ।

जिल्ला कमिटीको सचिव पदका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङ र वर्तमान अध्यक्ष राजेन्द्र भण्डारीबीच नै प्रतिस्पर्धा भएको थियो । जसमा भण्डारी विजयी भए । उनले पदाधिकारीतर्फकै अत्यधिक १२४ मत ल्याउन सफल भए । भण्डारीका प्रतिस्पर्धी रहेका गुरुङले ५० मत प्राप्त गरे । सर्वसम्मत चयनका लागि प्रयास भए पनि सहमति जुट्न नसकेपछि एकै क्षेत्रका दुई व्यवसायीबीच सचिव पदमा प्रतिस्पर्धा भएको बताइएको छ ।

यसैगरी संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री, द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ, कोषाध्य सरिता घले जिल्ला कमिटी सदस्यमा निर्विरोध निर्वाचित भएका छन् । वैदेशिक रोजगार व्यवसायी मिलन कट्टेल, भिष्मराज शर्मा शिवाकोटी र लोकमणि मियाङ्बो लिम्बू पनि सदस्यमा निर्विरोध निर्वाचित भएका छन् ।

(क्रमश: पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमश:

### भ्रष्टाचारमा डुबेका...

उनले माओवादी केन्द्रका नेता, कार्यकर्ता, ठूला भ्रष्टाचार, कमिसनतन्त्र र जग्गा दलालीमा लिप्त रहेको उल्लेख गरेका हुन् । त्यसैले, माओवादी केन्द्र राजनीतिक रूपमा एमालेभन्दा भिन्न नभएको र चिन्तन र व्यवहारमा ढुलमुले, अवसरवादी चरित्र हाबी भएको दाबी गरेका छन् । माओवादीलाई समाजवादी धारको पार्टीको रूपमा यादवले अस्वीकार गरेका छन् ।

उनको अनुसार माओवादी 'कम्युनिस्ट-माओवादी नामको खोलभित्र रहेका विकृति निम्न पुँजीवादी चरित्र बोकेको' पार्टी हो । तर, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न भने माओवादीको महत्त्वपूर्ण योगदान रहेको चर्चा यादवको राजनीतिक प्रतिवेदनमा छ । संसद्मा जसपा नेपालभन्दा ठूलो शक्तिको रूपमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई भने यादवले धार्मिक भावनामा राजनीति गर्ने दलको रूपमा व्याख्या गरेका छन् । धार्मिक भावनालाई राजनीतिक शक्तिमा दोहन गर्न र शक्तिमा फर्किन प्रयासरत शक्तिको रूपमा राप्रपा रहेको उनको विश्लेषण छ । यस दलले नेपालमा फेरि राजतन्त्र फर्किन्छ भनेर जनतामा भ्रम फैलाइरहेको पनि भनिएको छ ।

'नेपाली जनताको लामो संघर्ष र ठूलो बलिदानको मूल्यमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएका छन्,' जबकि त्यो फर्किने कुनै सम्भावना नै छैन । तथापि यो पार्टीले छर्ने आवश्यक भ्रमलाई चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनुपर्दछ ।' तर, यादवले गत वर्षको चुनावबाट उदाएको जनमत पार्टीको अस्तित्व अस्वीकार गरेका छन् । यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा सिके राउत नेतृत्वको जनमत पार्टीबारे केही उल्लेख छैन । चुनावदेखि नै जसपा र जनमतबीच अघोषित दुश्मनीपूर्ण सम्बन्ध रहेको छ । जनमतले जसपामाथि दबाब बढाउने र उसलाई कमजोर बनाएर मधेसको राजनीतिमा स्थापित हुने रणनीति लिएको छ । त्यसैअनुसार नै जसपा नेपालका अध्यक्ष यादवसँग राउत चुनावी प्रतिस्पर्धामा गएका थिए । मधेस प्रदेशमा जसपा नेपालभन्दा पाँच सिट कम ल्याएको जनमतले गत वर्ष नै मुख्यमन्त्री दाबी गरेको थियो । त्यही जसपा नेपाललाई हटाएर अहिले मुख्यमन्त्री हात पार्न सफल भएको छ । यही दलप्रति यादवले राजनीतिक प्रतिवेदनमा एक शब्द खर्चिएका छैनन् ।

तर, पनि महाधिवेशनमा नेताहरूले भने जनमतलाई मुख्य शत्रु किटान गर्न जोड दिएका छन् । 'जसपा नेपालमाथि मात्रै खनिने र आक्रमण गर्दै आएको जनमत पार्टीलाई मुख्य शत्रु किटान गर्नुपर्ने,' सुभावको पाँचौं बुँदामा उल्लेख छ । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादीलाई मित्र शक्तिको रूपमा अध्यक्ष यादवले चित्रण गरेका छन् । लोसपासँग धेरै राजनीतिक एजेन्डा मिल्ने भनेका छन् । तर, पनि राजनीतिक निर्णयमा अरूको मुख ताक्ने शक्ति भएको विश्लेषण गरिएको छ । यस दलसँग राजनीतिक सहकार्यको सम्भावना रहेको पनि औंल्याइएको छ ।

### राजनीतिक प्रतिवेदन...

प्रतिवेदनमाथि छलफल गर्न प्रतिनिधिहरूलाई विभिन्न १० वटा समूहमा विभाजन गरिएको थियो । अध्यक्ष यादवसँगै पूर्वमन्त्री विजय यादवले पेस गरेको पार्टीको आय-व्यय प्रतिवेदन र लेखा आयोग प्रमुख अमरेशनारायण सिंहले प्रस्तुत गरेको लेखापरीक्षण प्रतिवेदन पनि सर्वसम्मतले पारित भएको उक्त पार्टीले जनाएको छ ।

### कृषि, शिक्षा...

गण्डकी प्रदेश सरकारबाट हालसम्म कालोपत्र तथा ढलान ७८८ किलोमिटर, ग्राभेल ६४३ किलोमिटर, कच्ची ४६१ किलोमिटर सडक निर्माण गरिएको जनाइएको छ । मनसुनजन्य विपद्बाट क्षतिग्रस्त निजी आवासको पुनर्निर्माण र पुन:स्थापनाको लागि प्रदेश सरकारले जिल्ला विपद् व्यवस्थापन कोषमा निरन्तर रकम जम्मा गरेको नीति तथा कार्यक्रममा भनिएको छ ।

नीति तथा कार्यक्रममा प्रदेश सरकार र पोखरा महानगरपालिकाको संयुक्त पहलमा प्रधानमन्त्रीबाट पोखरालाई पर्यटन राजधानी घोषणा गरिएको उल्लेख गर्दै पोखरालाई अन्य प्रदेशका राजधानी तथा सहरसँग हवाई सेवा सञ्जालमा जोडिएको जनाएको छ । नीति तथा कार्यक्रममा निजी र सहकारी क्षेत्रसँगको साझेदारी तथा समन्वय गर्ने सम्बन्धमा नीतिगत सुधार गरिने भनिएको छ । गण्डकी प्रदेशभित्र 'इन्भेस्ट गण्डकी कार्यक्रम' सञ्चालन गरी निजी एवं सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको विकास, लगानी प्रवर्द्धन र सहजीकरण गरिने बताइएको छ ।

चालु खर्चमा मितव्ययिता अपनाउँदै उपलब्ध साधन स्रोतलाई प्रदेशको समुन्नति हासिल हुने गरी पुँजीगत खर्चको अनुपात वृद्धि गर्दै लगिने भनिएको छ । नीति तथा कार्यक्रममा राजस्वको दायरा वृद्धि र कर संकलनलाई अनुमानयोग्य बनाउन राजस्व प्रशासनको नीतिगत र संरचनागत सुधार गरिने उल्लेख गरिएको छ ।

रैथाने बाली र पशुपक्षीको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवं उपयोगसम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने उल्लेख गरिएको छ । प्रदेश सरकारले दिगो कृषि प्रणालीको विकासका लागि प्रांगारिक मल उत्पादन र उपयोगलाई विशेष प्राथमिकता दिई प्रांगारिक खेती प्रवर्द्धन गरिने जनाएको छ ।

'प्रदेश सरकारको साझेदारी: बाँझो रहन्न खेतबारी' भन्ने अभियानका साथ बाँझो जग्गालाई उपयोगमा ल्याई उत्पादन वृद्धि गर्न हावापानी, भौगोलिक उपयुक्तता र सम्भाव्यताका आधारमा खाद्यान्न, फलफूल, तरकारी, मसला, घाँसेबाली, गाँजा, अकबरे खुर्सानी, टिमुर आदिको उत्पादनलाई प्रोत्साहन गरिने उल्लेख छ ।

पर्यटन राजधानी पोखरालाई केन्द्रबिन्दुमा राखी 'पोखरा जाऔं, प्रकृति र संस्कृतिसँग रमाऔं' कार्यक्रम लागू गरिने उल्लेख गर्दै नीति तथा कार्यक्रममा पोखरालाई पर्यटन राजधानी घोषणा गरेअनुरूप आवश्यक नीतिगत सुधार एवं पर्यटनमैत्री वातावरण निर्माणमा जोड दिइने भनिएको छ । आन्तरिक पर्यटन प्रवर्द्धन लागि 'पहिले घरदेश अनि परदेश' कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ । *रासस*

### नेपाली श्रमिकलाई...

भेटमा मलेसियाका मानव संसाधनमन्त्री केओडले नेपालसँगको श्रम सम्झौता चाँडो नवीकरण होस् भन्ने मलेसियन सरकारले चाहेको बताए । त्यस्तै, मलेसियन सरकारले आप्रवासी श्रमिक र स्थानीय श्रमिकलाई समान खालको सामाजिक सुरक्षा सुविधा प्रदान गरेको जिकिर गर्दै २४ घण्टे बिमा सुविधा पनि छलफल गरिरहेको बताए । नेपाल भ्रमणका लागि आफू इच्छुक रहेकोसमेत उनले बताए ।

### सचिवसहित आधा दर्जन...

संघका पूर्वमहासचिवसमेत भइसकेका नरेश गेलाल खुला प्रतिस्पर्धामार्फत सदस्यमा विजयी भएका छन् ।

विभिन्न इलाका कमिटी मिलेर बन्ने विशेष जिल्ला कमिटीको अध्यक्ष भने गोलाप्रथाबाट छानिएको छ । अध्यक्षका प्रतिस्पर्धी गोविन्दप्रसाद घिमिरे र यमप्रसाद तिवारीले समान (८९/८९) मत पाएका थिए । गोलाप्रथाबाट घिमिरे अध्यक्षमा निर्वाचित भए । त्यस्तै उपाध्यक्षमा माधव भट्टराई, उपसचिवमा जीवन थापा मगर र महिला उपसचिवमा मनिषा सुब्बा निर्वाचित भएका छन् ।


## stf/df j}b]zs /f]huf/sf] cj;/

कम्पनी : Mantra Thakali Restaurent

पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306279 चलानी नं. ६०२२०९८०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1300 | ४७,७९३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 2 | 0 | 1500 | ५५,१४६ | | | | | | | |
| 3 | waiter | 2 | 2 | 1400 | ५१,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MS Co.Ltd

पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306213 चलानी नं. ६०२२०९७०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 3 | 0 | 194000 | १६५,०७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.

Govt. License 539/061/062

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०८१/०२/२९ LT. No. 306294 चलानी नं. ६०२२०९६९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1200 | ४२,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
20 Jun 2024 universal technical institute and orentation center maharajgung, kapan marga, kathmandu
21 Jun 2024 motherland skills academy and job orentation and training center dhapasi and shamakhusi, kathmandu

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com


## Mithila Municipality

### Office of the Municipal Executive

Dhalkewar, Dhanusha

**invitation for bids**

**Date of publication: 2081-02-30 (12th Jun 2024)**

| Contract No./ID | Description of Goods | Estimated amount of goods | Bid security Amount (NRs.) | Bid Document fee (NRs.) | Bidding Procedure |
|---|---|---|---|---|---|
| MM/SQ/Goods/04/080/81 | Procurement and supplying of Sanitary Pad | 18,49,852.00 (Inclusive VAT) | 50,000.00 | 1000.00 | 1S1E (Sealed quotation) |

For further detail please visit PPMO's website www.bolpatra.gov.np/egp.

## बीमालेख हरायो

मिति २०८०/१२/२५ गते नयाँ बानेश्वरदेखि लाजिम्पाटसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावहरुले राष्ट्रिय बीमा कम्पनी लिमिटेड वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन वा निम्न फोनमा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

बीमितको नाम: **गोविन्दराज आचार्य**
ठेगाना: **दिक्तेल-४, खोटाङ**
बीमा लेख नम्बर: **२०४९८५**
सम्पर्क नम्बर: **९८५१०६७८८२**

## कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.



का.जि कागेश्वरी मनोहरा न.पा. वडा नं. ८

फोन नं : ०१-४९९०९८९

## धितोमा रहेको सम्पत्ति लिलामको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१।०२।३०

यस संस्थाको तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जाको सावां व्याज, हर्जाना समेत बुझाउन पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गर्दा समेत ऋण रकमको सावां, व्याज, हर्जाना चुक्ता गर्न तर्फ चासो नदेखाई वेवास्था गरेकाले आज मिति २०८१।०२।३० मा लिलाम कार्यका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय सिमा भित्र कर्जाको सावां, व्याज, हर्जाना समेत नतिरे नबुझाएमा ऋणी सदस्य, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिने व्यक्ति तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालो सुचीमा राखिने र संस्थालाई धितो बन्धक दिएको चल अचल श्री सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितो लिलाम तथा सकार कार्यविधी २०७८ का साथै अन्य प्रचलित कर्जा असुली कार्यविधी अनुसार देहाय बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने ३५ दिने सूचना प्रकाशित मितिले ३६ औं दिनमा लिलाम बिक्री गरिने व्यहोरा तपशिलमा उल्लेखित ऋणी तथा सम्वन्धित सबैको जानकारीको लागि यसै सुचनाद्वारा सुचित गरिन्छ । यस संस्थाले लिनु पर्ने असुल नभएमा ऋणीलाई कालो सुचीमा राखी निजहरूको अन्य चल–अचल श्रीसम्पत्ति जायजेथाबाट असुल उपर गरिने छ ।

| ऋणीको नाम थर ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| १. नाम : **मिना भडेल**<br>ठेगाना : जि. भक्तपुर चाँगुनारायण वडा नं. ९<br>हाल : ऐ ऐ चाँगुनारायण न.पा. वडा नं. ४<br>बाबु : हिरालाल श्रेष्ठ<br>पति : आनन्द लाल भडेल<br>ससुरा : सुकविर भडेल<br>ना.प्र.नं : २५६। १९१, २०४४।१०।२० भक्तपुर  | श्री मिना भडेलको नाममा मालपोत कार्यालय भक्तपुरमा एकलौटी दर्ता श्रेस्ता कायम भई यस संस्थाको नाममा धितो बन्धक पारित भएको जिल्ला भक्तपुर चाँगुनारायण वडा नं. ९ ख कित्ता नं. १५९ क्षेत्रफल ४–१०–२–० |
| २. नाम : **राम बहादुर थापा**<br>ठेगाना : जि. सिन्धुपाल्चोक, सिम्पालकाभ्रे वडा नं. ६, स्थायी वतन भई हाल का.जि. कागेश्वरी मनोहरा न.पा वडा नं. ६<br>बाबु : सुर बहादुर थापा<br>बाजे : भैरव बहादुर थापा<br>ना.प्र.नं. २४४८६ । १०८१८२<br>२०५८।०९।२५ सिन्धुपाल्चोक ।  | |

१. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा, सो दिन बिदा परेमा त्यसको भोलिपल्ट का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं. ८ स्थित कस्तुरी बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा दिउसो १:०० बजे डांक बढाबढ मार्फत धितो लिलाम बिक्री गरिनेछ ।
२. धितोमा रहेको जग्गाको पञ्चकृत मूल्य कायम गरि सो मूल्यबाट डांक बढाबढ शुरु हुनेछ । डाँक बढी कबुल गर्ने व्यक्ति । संस्थाको नाममा लिलाम स्वीकृत गरिनेछ ।
३. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम बिक्री हुने सम्पत्तिको धितोको कागजात तथा अन्य आवश्यक जानकारी चाहिएमा सम्वन्धित व्यक्ति । संस्थाले कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखी बुझ्न सकिनेछ ।
५. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियमावली २०५६ तथा संस्थाको बचत तथा ऋण परिचालन निती २०६८ अनुसार लिलाम सकार हुन नसकेमा वा डांक बढाबढ गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफैं धितो सकार गरि स्वामित्व आफूमा लिन सक्नेछ ।
६. लिलाम बिक्रीको कार्य सम्पन्न हुनासाथ लिलाम बिक्री सकार गर्ने व्यक्तिले कबोल गरेको मूल्यको १०% रकम धरौटी वापत संस्थालाई बुझाउनु पर्नेछ । बाँकी ९०% रकम लिलाम सकार गरेको मितिले ७ दिन भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी बापत बुझाएको रकम जफत हुनेछ ।
७. लिलाम सकार गरेको सम्पत्तिको हक हस्तान्तरण गर्दा लाग्ने शुल्क, दस्तुर, पुजिगत लाभकर तथा अन्य दैदस्तुर लिलाम सकार गर्ने व्यक्ति स्वयंले नै व्यहोर्नु पर्नेछ ।
८. लिलाम बिक्री बोलपत्र फारम रु १,०००।– (अक्षरूपी रु एक हजार मात्र) फिर्ता नहुने गरि यस संस्थाको कार्यालय, का.जि. कागेश्वरी मनोहरा न.पा. वडा नं.८ बाट प्राप्त गर्न सकिनेछ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAEED HAMMAD MUBARAK AL MAHRI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०२/२८ LT. No. : 306194 चलानी नं.: ६०२२०९४८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 4 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDAL RECRUITMENT & MANPOWER SERVICE CO. BRANCH

पूर्व स्वीकृति मिति : २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ LT. No.281961 चलानी नं. ६०१९७४७९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 45 | 0 | 1000 | ३५,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Pigeon International Overseas Pvt. Ltd

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BU ALI SPICE CO.W.L.L

पूर्व स्वीकृति मिति २०८०/०८/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ LT. No. 296332 चलानी नं. ६०२११५३५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 5 | 140 | ४९,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 15 | 0 | 110 | ३८,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 387/059/060

Paradeshi Overseas Services Pvt. Ltd.

Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com.np

# भरत ताल निर्माणमा ३० करोडभन्दा बढी अनियमितता

## नगरप्रमुखसहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्लाहीको बागमती नगरपालिकामा निर्मित 'भरत ताल' पछिल्लो समय पर्यटकीयस्थल बनेको छ । तर, उक्त ताल (माछा पोखरी) निर्माण गर्दा ३० करोडभन्दा बढी अनियमितता भएको खुलेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नगरपालिकाका प्रमुख भरतकुमार थापासहित उपप्रमुख लीलाकुमारी मोक्तान, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेलसहित छ जनाविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले आरोपीहरूविरुद्ध समान ३० करोड २९ लाख ३४ हजार ८९७ रूपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको हो ।

आयोगले नगरपालिकाका योजना शाखा प्रमुख सागर पौडेल, लेखा अधिकृत विश्वराज पोखरेलविरुद्ध पनि ३० करोड २९ लाख ३४ हजार ८९७ रूपैयाँ बराबरकै बिगो दाबी गरेको छ । आयोगले जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीविरुद्ध भने कैद र जरिवानाको मात्रै माग दाबी गरेको छ । आरोपपत्रका ताल निर्माणका क्रममा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको, गलत प्रतिवेदन तथा गलत लिखत तयार गरी भ्रष्टाचार गरेको आरोप उनीहरूविरुद्ध लगाइएको छ । माछा पोखरी निर्माण गर्दा उत्खनन भएको ढुंगा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थ बिक्रीमा अनियमितता गरेको आरोप उनीहरूमाथि लागेको छ ।

'माछा पोखरी प्रथम (भरत ताल) निर्माण गर्दा आपसी मिलेमतोमा बदनियत राखी संघीय सरकारअन्तर्गतको सागरनाथ वन विकास परियोजनाअन्तर्गतको वन क्षेत्रमा सागरनाथ वन विकास परियोजना र संघीय सरकारको स्वीकृतिविना अनधिकृतरूपमा माछा पोखरी निर्माणका लागि भनी ढुंगा, गिट्टी, बालुवा (वन पैदावार) उत्खनन गर्नका लागि प्रारम्भिक परीक्षण प्रतिवेदन (आइइई) स्वीकृत भएको भन्ने गलत लिखत तयार गरेको' आरोपपत्रमा उल्लेख छ । यस्तै उक्त गलत लिखतका आधारमा पोखरीको डिपिआर तयार गरी गुरुयोजना स्वीकृत नगराई पोखरी निर्माण गरेको आरोप लगाइएको छ । आयोगले आरोपीहरूविरुद्ध बिगोअनुसार कारबाहीको माग गर्दै मुद्दा दायर गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# 'जलवायु परिवर्तनको चुनौतीलाई एक्लैले सम्बोधन गर्न कठिन'

**ललितपुर (प्रस)–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरताप्रति चिन्ता व्यक्त गरेका छन् । मध्यपश्चिम र नेपाल खुला विश्वविद्यालयको आयोजनामा यही जेठ ३२ गतेसम्म सञ्चालन हुने ३० औं दिगो विकास अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मंगलबार ललितपुरमा आयोजित उद्घाटन समारोहमा उनले पछिल्लो समय विश्वले सामना गर्दै आएका जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरतालगायत चुनौती विशाल र जटिल बन्दै गएकामा चिन्ता व्यक्त गरेका हुन् ।

'जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरता हाम्रो मुख्य चुनौती हो, यद्यपि, यी चुनौतीभित्र समाज र अर्थतन्त्रलाई समान र दिगोरूपमा रूपान्तरण गर्ने महत्त्वपूर्ण अवसर पनि रहेका छन्,' उनले भने, 'नवीकरणीय ऊर्जा प्रवर्द्धन, वन संरक्षण, दिगो कृषि र पर्या-पर्यटनमार्फत ग्रामीण समुदायलाई सशक्तीकरण गर्ने नेपालको प्रयास वातावरणसँग सुमधुर सम्बन्ध कायम गर्ने केही महत्त्वपूर्ण उदाहरण हुन् ।'

विश्व नै जलवायु परिवर्तनको चपेटामा परेकाले यसको असर न्यूनीकरणमा एउटा देशको प्रयासले मात्र नपुग्ने उनको भनाइ थियो । उनले कुनै पनि राष्ट्रले विश्वव्यापी चुनौतीलाई एक्लै सम्बोधन गर्न नसक्ने भन्दै यी सबै चुनौतीको विश्वव्यापी समाधान आवश्यक रहेकोमा जोड दिए ।

उपराष्ट्रपति यादवले सम्मेलनले विश्वव्यापी सहयोगको भावना अभिवृद्धि गर्दै सुनौलो र दिगो भविष्य निर्माणका लागि साझा प्रतिबद्धताका साथ अघि बढ्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे । 'नेपालको समृद्ध संस्कृति र प्राकृतिक वैभवस्थलमा भइरहेको यो जमघटले मानव सभ्यता र प्रकृतिबीचको दयनीय अवस्थालाई सन्तुलन कायम गर्न सक्नुपर्दछ । दिगो विकासप्रति हाम्रो प्रतिबद्धता छँदै छ, सिंगो पृथ्वीको संरक्षण गर्दै भावी पुस्ताको भविष्य सुरक्षित राख्न पनि हामी कटिबद्ध छौं ।'

उनले विभिन्न अनुसन्धान पृष्ठभूमिसहितका विज्ञहरू यो सम्मेलनमा आ-आफ्ना ज्ञान, रणनीति र अनुसन्धान साझा गर्न भेला भएको जानकारी पाएर आफूलाई खुसी लागेको बताए । 'म तपाईंहरू प्रत्येकलाई सक्रियरूपमा छलफलमा संलग्न हुन, आफ्ना वैज्ञानिक तथ्य साझा गर्न र नवीन समाधान प्रस्तुत गर्न आग्रह गर्दछु, 'उनले भने, 'परम्परागत ज्ञान प्रणालीको महत्त्व, नवीकरणीय ऊर्जाको भूमिका, संरक्षण प्रयासको आवश्यकता र दिगोपनलाई सम्बोधन गर्न अत्याधुनिक प्रविधिलाई पनि आत्मसात् गर्दै अगाडि बढ्न आवश्यक छ ।'


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/३० गते)

श्री लक्ष्मी प्रसाद कसजुको छोरा, कमला देवीको पति मोरङ्ग जिल्ला, विराटनगर वडा नं. ७ स्थायी बसोबास भई हाल मोरङ्ग जिल्ला, विराटनगर वडा नं. ७ घर भएका जगन्नाथ प्रसाद कसजुको ७१ बर्षको उमेरमा मिति वि.सं. २०८०/०३/२५ मा निधन भएकोले निजको नाममा यस बैंकको विराटनगर शाखामा रहेको बचत खाता, खाता नं. ००२०००३०९९००००01 मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमती कमला देवीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय विराटनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय विराटनगर, मोरङ्ग फोन नं. ०२१-५७७१०१


# चोयु हिमालमा नेपालतर्फबाट पहिलोपटक आरोहण

**काठमाडौं–** आरोहणका हिसावले निकै कठिन मानिएको चोयु हिमाल (८१८८ मिटर) मा नेपालतर्फबाट पहिलोपटक सफल आरोहण भएको छ । उक्त हिमालमा हालै छ जना शेर्पासहित एक विदेशी नागरिकले पहिलोपटक सफल आरोहण गरेसँगै नेपालबाट आरोहणको ढोका खुलेको हो ।

पर्यटन विभागका अनुसार नेपालतर्फबाट पहिलोपटक चोओयुको सफल आरोहण भएको छ । गत शुक्रबार छजना शेर्पा र एकजना फ्रान्सका नागरिकले चोयु चढ्न सफल भएका थिए । *रासस*


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल जेठ महिना ३० गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय नागढुङ्गाबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१. कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा**

| ऋणीको विवरण | |
|---|---|
| नाम : **मनकामना सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर्स प्रा.लि.**<br>अख्तियार प्राप्त व्यक्ति : अमित आले<br>दर्ता नं. : २३४६०२/०७६/०७७<br>दर्ता मिति : २०७६/११/०२<br>स्थायी लेखा नं. : ६०९७२३५३५<br>जारी गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय<br>रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८ | |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| १. नाम : **अमित आले**<br>बाबुको नाम : लिल बहादुर आले<br>बाजेको नाम : थम बहादुर आले<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३०<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : १४१०४५/९६१२६-उदयपुर<br>जारी मिति र जिल्ला : २०६६/०२/२०, कास्की | २. नाम : **बम बहादुर सुनार**<br>बाबुको नाम : खड्क बहादुर सुनार<br>बाजेको नाम : बल बिर सुनार<br>स्थायी ठेगाना : बाग्लुङ्ग जिल्ला धुल्लुबास्कोट गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८<br>ना.प्र.नं. : ४८३४<br>जारी मिति र जिल्ला : २०५९/०९/१४, कास्की |
| ३. नाम : **हिरा कुमारी आले**<br>बाबुको नाम : दिल बहादुर मिरिङ्चिइ<br>पतिको नाम : अमित आले<br>ससुराको नाम : लिल बहादुर आले<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३०<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८<br>ना.प्र.नं. : १४-०१-७०-०२८९८ (उदयपुर)<br>जारी मिति र जिल्ला : २०७०/१०/२४, कास्की | ४. नाम : **कमला सुनार**<br>बाबुको नाम : टेक बहादुर सुनार<br>पतिको नाम : बम बहादुर सुनार<br>ससुराको नाम : खड्क बहादुर सुनार<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. २<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८<br>ना.प्र.नं. : ३६१०७४/६६७<br>जारी मिति र जिल्ला : २०६६/०६/०७, नवलपरासी |

**२. कर्जा शिर्षक : महिला उद्यमी कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **ग्रिन लिफ रेष्टुरेन्ट**<br>प्रोप्राइटरको नाम : हिरा कुमारी आले<br>प्रा.फ.नं.घ.उ.वि. : १८८८२/०७७/०७८<br>दर्ता मिति : २०७७/१०/०४<br>स्थायी लेखा नं. : ६१४८१२०९३<br>जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की<br>रजिष्टर्ड ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८ | १. नाम : **अमित आले**<br>बाबुको नाम : लिल बहादुर आले<br>बाजेको नाम : थम बहादुर आले<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३०<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१<br>ना.प्र.नं. : १४१०४५/९६१२६-उदयपुर<br>जारी मिति र जिल्ला : २०६६/०२/२०, कास्की |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| २. नाम : **बम बहादुर सुनार**<br>बाबुको नाम : खड्क बहादुर सुनार<br>बाजेको नाम : बल बिर सुनार<br>स्थायी ठेगाना : बाग्लुङ्ग जिल्ला धुल्लुबास्कोट गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८<br>ना.प्र.नं. : ४८३४<br>जारी मिति र जिल्ला : २०५९/०९/१४, कास्की | ३. नाम : **हिरा कुमारी आले**<br>बाबुको नाम : दिल बहादुर मिरिङ्चिइ<br>पतिको नाम : अमित आले<br>ससुराको नाम : लिल बहादुर आले<br>स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३०<br>हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८<br>ना.प्र.नं. : १४-०१-७०-०२८९८ (उदयपुर)<br>जारी मिति र जिल्ला : २०७०/१०/२४, कास्की |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/०८/११ को अभियान दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** ऋणी मनकामना सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर्स तथा ग्रिन लिफ रेष्टुरेन्टको निम्न उल्लेखित धितो सुरष्क्षणमा रहेको घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| अमित आले | कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १६ | ०९३०७१९२२ | १८३ | १२१.९० | कि.नं. ५२ | कि.नं. १२५ र १८४ | प्रति जग्गा | बाटो |
| | | | १८६ | ५०.०० | | | | |
| | | | २०४ | १९.२० | | | | |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०३/१८ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय नागढुङ्गा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०३/१९ गते बुधबार दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय नागढुङ्गामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर, लाभ कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## जयन्ती बचत तथा ऋण सहकारी संस्था लि.

नागार्जुन नगरपालिका न.पा.–६, फस्कुचोक, काठमाडौं
सम्पर्क नं. ०१-४०३७८२७, फ्याक्स ०१-४०३७८३१

## कर्जा चुक्ता गर्न आउने तथा धितो लिलामी सम्बन्धी पुन २१ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/३० गते, बुधबार

यस संस्थाबाट तपसिल बमोजिमको ऋणीहरूले कर्जा सम्झौता शर्तबमोजिम लिएको कर्जा रकमको साँवा/ब्याज समेत तिर्न बुझाउन संस्थाबाट पटक पटक ताकेता गरी मौखिक, एस. एम. एस एवं लिखित पत्राचार गर्दा समेत पत्र बुझी संस्थामा कर्जा बुझाउने म्याद समेत पटक पटक थप गर्दा समेत पत्रको बेवास्ता गरी म्याद (भाका) गुजारी संस्थामा तिर्न बुझाउनु पर्ने कर्जा रकमको साँवा/ब्याज समेत नतिरेको हुँदा आफुले संस्थामा तिर्न बुझाउनु पर्ने साँवा र व्याज चुक्ता गर्न आउने वारेको मिति २०८१/०१/१० प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा संस्थामा सम्पर्क गरी कर्जा रकमको साँवा/ब्याज एवं हर्जना रकम समेत भुक्तानी गर्नु गराउनुहोला भनी ३५ दिने सार्वजनिक सूचना समेत प्रकाशित गरिएकोमा आजका मिति सम्म पनि ऋणीहरूले संस्थामा तिर्न बुझाउनु पर्ने कर्जा रकमको साँवा/ब्याज बुझाउन कुनै चासो नदेखाई म्याद गुजारी बसेकोले यस संस्थामा धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले लेना रकमको साँवा/ब्याज असुल उपर गर्नु पर्ने भएकोले यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको भाका अवधिभित्र पनि सम्बन्धित ऋणीहरूले कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी बाधा अडचन नभएको यस संस्थामा धितो सुरक्षणबापत रहेको तपसिल बमोजिमको अचल सम्पत्ति सहकारी ऐन, नियम, कर्जा लगानी तथा असुली सम्बन्धी नियमावलीले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी आफ्ना लेना रकमको साँवा/ब्याज असुल उपर गरिने भएकोले लिलाममा डाक बडाबडमा लिन चाहने इच्छुक महानुभावहरूमा यो सूचना प्रकाशित गरिएको मितिले २२ औं दिनमा (उक्त दिन बिदा परेमा सोको भोलि पल्ट) संस्थाले तोकेको समय र स्थानमा आफूले धितो साकार गरी लिन चाहेको मूल्यमा बोलकबोल गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणी | जमानी बस्ने | धितोको विवरण |
|---|---|---|
| नाम : कुमार श्रेष्ठ<br>बाबु : जनकलाल श्रेष्ठ<br>बाजे : जगत ब. श्रेष्ठ<br>ठेगाना : ईचङ्गु १ काठमाडौं<br>ना.प्र.नं : २७२७५०/१७६६/४१६/२२५<br>मिति : २०४५/०१/२० काठमाडौं | नाम : कमला श्रेष्ठ<br>बाबु : लिलानाथ गौतम<br>पति : कुमार श्रेष्ठ<br>ससुरा : जनकलाल श्रेष्ठ<br>ठेगाना : नागार्जुन ३ काठमाडौं<br>ना.प्र.नं : २७-०१-७३-११८७४<br>मितिः २०७३/०८/२६ काठमाडौं | का.जि. ईचङ्गु १,<br>सिट नं. १०२-०९८०-२२<br>कि.नं. १५६ को क्षेत्रफल १२६.१७ ब.मि. जग्गा मात्र । |
| नाम : नारायण लामा<br>बाबु : कालु सिं लामा<br>बाजे : कुल बहादुर लामा<br>ठेगाना : स्यूचाटार ९ काठमाडौं<br>ना.प्र.नः ४४३८/४७६५/२८३३<br>मितिः २०४६/०९/०५ काठमाडौं | नाम : मखमली लामा<br>पति : नारायण लामा<br>ससुरा : कालु सिंह लामा<br>ठेगानाः स्यूचाटार ९ काठमाडौं | का.जि. स्यूचाटार कि.न १७४ को क्षेत्रफल ०-११-०-० |
| नाम : केशव प्रसाद भट्टराई<br>बाबु : हरि प्रसाद भट्टराई<br>बाजेः राम चन्द्र भट्टराई<br>ठेगाना : रामकोट ८ काठमाडौं<br>ना.प्र.नं : ८७/६०४१/३०९४<br>मिति : २०४६/१०/२९ काठमाडौं | नाम : ईन्दिरा भट्टराई<br>पति : केशव प्रसाद भट्टराई<br>ससुरा : हरि प्रसाद भट्टराई<br>ठेगाना : रामकोट ८ काठमाडौं | का.जि. डाडापौवा ८ ख कि.नं ३६२,१५२ र ११४ को क्षेत्रफल ०-१-२-१, ०-४-०-० र ०-४-३-० |
| नाम : उज्जु भट्टराई<br>बाबु : केशव प्रसाद भट्टराई<br>बाजे : हरि प्रसाद भट्टराई<br>ठेगाना : रामकोट ८ काठमाडौं<br>ना.प्र.नं : १०३७/५२४४२<br>मिति : २०६६/११/२१ काठमाडौं | नाम : केशव प्रसाद भट्टराई<br>बाबु : हरि प्रसाद भट्टराई<br>बाजे : राम चन्द्र भट्टराई<br>ठेगाना : रामकोट ८ काठमाडौं<br>ना.प्र.नं : ८७/६०४१/३०९४<br>मिति : २०४६/१०/२९ काठमाडौं<br><br>नाम : ईन्दिरा भट्टराई<br>ससुरा : हरि प्रसाद भट्टराई<br>पतिः केशव प्रसाद भट्टराई<br>ठेगाना : रामकोट ८, काठमाडौं | का.जि. डाडापौवा ८ ख कि.नं ३६२,१५२ र ११४ को क्षेत्रफल ०-१-२-१-०, ०-४-०-० र ०-४-३-० |



## कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARMANAS LADIES BEAUTY SALON CO WLL**
पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 300815 | चलानी नं. ६०२१५७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**
पूर्व स्वीकृति मिति २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 305170 | चलानी नं. ६०२१९९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 0 | 1 | 2500 | ९१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,७१५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 50 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५५,०३० | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 2500 | ९१,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५
JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL OSOUL ADVANCED FACILITIES MANAGEMENT COMPANY**
पूर्व स्वीकृति मिति : २०८१/०२/२८ | LT. No. 306231 | चलानी नं. ६०२२०९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 10 | 0 | 1000 | ३५,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ZIAD KHALED SHLIWIH AL-ANZI TRADING ESTABLISHMENT**
पूर्व स्वीकृति मिति : २०८१/०२/२८ | LT. No. 306230 | चलानी नं. ६०२२०९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 4 | 0 | 1200 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जनस्वास्थ्यमा खेलबाड नगर

स्वास्थ्य सेवामा सुधार गर्ने सरकारको प्रतिबद्धता व्यवहारमा देखिएको छैन। देशभर अस्पतालको संख्या विस्तार गर्दै लगे पनि पर्याप्त उपकरणको अभावमा ती अस्पतालहरूले सबैखाले बिरामीलाई सेवा दिन सकिरहेका छैनन्। कतिपय अस्पतालमा जनशक्ति अभाव त कतिपयमा उपकरणको अभाव बताइन्छ। स्रोतको अभावले सरकारले आवश्यक उपकरणहरूका लागि बजेट विनियोजन गर्न सकेको छैन। तर, कतिपय दाताले उपलब्ध गराएका उपकरणहरूसमेत उपयोगमा ल्याउन नसक्नुचाहिँ विडम्बनापूर्ण अवस्था हो। आफैं खरिद गर्न नसक्ने अवस्थामा अरुले निःशुल्क दिएको उपकरणसमेत उपयोग नगर्नु गैरजिम्मेवारीपूर्ण कार्य हो। जनस्वास्थ्यमाथिको गम्भीर खेलबाड हो।

यस्तै गैरजिम्मेवारी प्रदेश अस्पतालहरूमा देखिएको छ। प्रदेश अस्पतालमा उपलब्ध गराएको उपकरण सञ्चालन नआउँदा हिमोफिलियाका बिरामी पहिचान गर्न समस्या भएको भन्दै हिमोफिलिया सोसाइटी नेपालले पत्रकार सम्मेलन नै गरेको छ। शनिबार काठमाडौंमा आयोजना गरिएको पत्रकार सम्मेलनमा दाताका सहयोगमा उपलब्ध गराइएका 'कोगुलोमिटर' उपकरण सञ्चालन नहुँदा हिमोफिलिया बिरामी पहिचान गर्न नसकिएको जानकारी दिइयो।

सोसाइटीका अनुसार कोशी अस्पताल, चितवनस्थित भरतपुर अस्पताल, पोखरा स्वास्थ्य तथा विज्ञान प्रतिष्ठान र लुम्बिनी प्रादेशिक अस्पतालमा उपलब्ध गराइएको 'कोगुलोमिटर' उपकरण रिएजेन्टको अभावले सञ्चालन आएका छैनन्। मधेस र कर्णाली प्रदेशमा भने सञ्चालनमा आएका छन्। सुदूरपश्चिम प्रदेशका सेती प्रादेशिक अस्पतालले भने प्राविधिक अभावले उक्त उपकरण लैजान मानेको छैन। अहिले काठमाडौंमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, त्रिवि शिक्षण अस्पताल, सिभिल अस्पतालमा हिमोफिलियाका बिरामीको पहिचान गर्न 'स्क्रिनिङ' गरिन्छ।

राष्ट्रिय जनगणनाअनुसार चार हजार ९३७ हिमोफिलियाका बिरामी रहेको तथ्यांक रहे पनि अहिले पहिचान गरी उपचारमा ८७० जना बिरामी रहेका छन्। रगत जमाउने आवश्यक तत्त्वको कमीको कारणले लामो समयसम्म रक्तश्राव भइरहने अवस्थालाई हिमोफिलिया भनिन्छ। चिकित्सकका अनुसार हिमोफिलिया एक वंशाणुगत समस्या हो। मानव शरीरमा हुने रगतको १३ वटा तत्त्वमध्ये कुनै एउटा तत्त्वको कमीको कारण हिमोफिलिया हुन्छ। यो वंशाणुगत र कोषमा उत्परिवर्तन भएर पनि हुने चिकित्सकको भनाइ छ। हिमोफिलिया प्रभावित व्यक्तिहरू चोटपटक लाग्न सक्ने स्थानबाट सकभर जोगिनुपर्ने हुन्छ। शरीरमा रगत जमाउने आवश्यक तत्त्वमध्ये कुनै तत्त्वको मात्रा एक प्रतिशतभन्दा कम भएका गम्भीर हिमोफिलिया, एकदेखि पाँच प्रतिशतसम्म भएमा मध्यम हिमोफिलिया र पाँच प्रतिशतभन्दा माथि भएका अल्प हिमोफिलिया भनिन्छ। दाताले उपलब्ध गराएको 'कोगुलोमिटर' उपकरण उपयोगमा नल्याइनु भनेको यो रोगबाट पीडितहरूमाथिको खेलबाड हो। त्यसैले यथाशीघ्र उक्त उपकरण सञ्चालनमा ल्याउने कार्यमा सरोकारवाला सबै जिम्मेवार बनून्।

## मननयोग्य

### चाणक्य नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ।

'धर्मको गति बुझ्निसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो। शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्।

# निर्णायक र नेतृत्वदायी पदमा महिला सहभागिता न्यून



■ अमृता अनमोल

> संवैधानिक सुनिश्चितता भएकाले राज्य सञ्चालन प्रक्रियामा महिलाको सहभागिता बढ्दै गएको छ। यो राम्रो कुरा हो। तर, समावेशी लोकतान्त्रिक अभ्यास सुरु गरेको डेढ दशक बित्न लाग्दासम्म पनि महिला नेतृत्व स्थापित छैन। अर्थात् कार्यकारी, निर्णायक र नेतृत्व प्रदान गर्ने पदमा महिला उपस्थिति कमजोर छ। महिलाको भूमिकालाई आत्मसात् गरी समाज परिवर्तन गर्न हरेक क्षेत्रमा महिला नेतृत्व आवश्यक छ। त्यसका लागि महिलालाई संरक्षण, सम्मान, हौसला र गर्वकासाथ नेतृत्व तहमा पुऱ्याउन सघाउनुपर्छ।

नेपालको संविधानले राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्न निर्देश गरेको छ। राज्य एकात्मक शासन प्रणालीबाट संघात्मक शासन प्रणालीमा रूपान्तरण भएको छ। यससँगै शक्ति संरचना र निर्णायक तहमा महिला जाने प्रक्रिया बढेको छ। नेपाली महिलाहरूको नीति निर्माण गर्ने, निर्णय गर्ने र राज्य सञ्चालन प्रक्रियामा सहभागिता बढेको छ। स्थानीय तहको वडा सदस्यदेखि संघीय संसद्मा सांसद महिलाहरू बढेका छन्। तर, देश हाँक्ने सबैभन्दा ठूलो कार्यकारी तह मन्त्रिपरिषद्मै ३३ प्रतिशत महिला छैनन्। प्रदेश सरकार र स्थानीय तहका कार्यकारी र निर्णायक पदमा पनि महिला प्रतिनिधित्व कमजोर छ।

राज्यले नियुक्त गर्ने संवैधानिक आयोग, कूटनीतिक नियोग र उच्चपदस्थ नियुक्तिहरूमा महिला सहभागिता न्यून छ। निर्णायक र नेतृत्वदायी तहमा महिला नहुँदा उपस्थिति बढे पनि अपेक्षाअनुरूप नीतिगतरूपमा महिलामैत्री काम हुन सकेका छैनन्। नेपाली समुदायमा पितृसत्तात्मक व्यवहार र अभ्यास अझै बाँकी छ। परम्परागत संरचना र मूल्य मान्यताले पितृसत्तात्मक सोचलाई फेर्न सकेको छैन। त्यही पितृसत्तात्मक सोचले कानुनी बाध्यताबाहेकका महिलालाई कार्यकारी र निर्णायक तहमा जान रोकेको हो। उदाहरणको रूपमा लुम्बिनी प्रदेशमा हेरौं। लुम्बिनी प्रदेशको ठूलो दल एमालेमा १० महिलासहित २९ जना प्रदेशसभा सदस्य छन्। तर, सरकारमा पाँच मन्त्री बनाउँदा एमालेले एउटै पनि महिला मन्त्री बनाउन सकेन। प्रदेशसभाको संसदीय समितिमा तीन मन्त्री सभापति हुँदासमेत एक महिला खोजिएन। यत्तिमात्रै होइन, एमालेले आफ्नै पार्टीभित्र संसदीय दलको नेता र प्रमुख सचेतकमा पनि महिला राखेको छैन। एमालेभित्र सक्षम महिला प्रदेशसभा सदस्य नभएका हुन् वा अन्य कारणले दलका नेताहरू तैंचुप मैचुपमा छन्। यद्यपि प्रत्यक्षबाट जितेका प्रदेशसभाका सदस्य महिला नभएकाले मन्त्री वा विषयगत समितिको सभापति पद दिन नसकिने भन्दै आफ्ना आवाज नसुन्ने गरेको गुनासो महिला प्रदेशसभा सदस्यहरूको छ।

लुम्बिनीमै ११ प्रदेशसभा सदस्य रहेको माओवादी केन्द्रमा चार महिला छन्। माओवादीले मुख्यमन्त्री जोखबहादुर महरा बन्दा आफ्नो पार्टीबाट मन्त्रीमासमेत समेटेको छैन। बरु प्रदेशसभाको संसदीय समितिको सभापतिमा एक महिलालाई थन्काएको छ। लुम्बिनी प्रदेश सरकारमा पाँच दलसहित एक स्वतन्त्र सहभागी छन्। लैंगिक हिसाबले पुरुषमात्रै सहभागी मन्त्रिपरिषद्मा सानो दल नेकपा एकीकृत समाजवादीबाट भगवती अधिकारी मन्त्री बनेकी छन्। त्यो पनि उक्त पार्टीबाट महिलामात्रै प्रदेशसभा सदस्य भएकाले सामाजिक विकास मन्त्रालय फुटालेर महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बनाएर जिम्मा दिइएको छ। दश दल सहभागी लुम्बिनी प्रदेशमा ३३ महिला प्रदेशसभा सदस्य छन्। यसअघि नेपाली कांग्रेसले पनि मन्त्री पद महिलालाई दिएको थिएन।

लुम्बिनी प्रदेशमा जस्तै अन्य प्रदेशमा पनि असमावेशी मन्त्रिपरिषद् छ। असमावेशी प्रदेशसभाको विषयगत समिति छन्। संसदीय दल र दलका नेता महिलाको नेतृत्वमा छैनन्। देशको मूल कानुन संविधान हो भने मूलनीति राजनीति हो। संघीयताको जगमा बनेको प्रदेश संरचनामै राजनीतिक दलहरूले कार्यकारी तहमा महिला नलैजानु संघीयता र संविधानको समावेशी नीतिविपरीतको काम हो। असमावेशीताको पराकाष्टा हो। यसर्थ, राज्य सञ्चालन प्रक्रियाको कार्यकारी तहमा पुरुषमात्रै जाने र महिला नलैजाने राजनीतिक दलहरूको क्रियाकलाप सच्याउन जरुरी छ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका देशका शासन पद्धतिका महत्त्वपूर्ण तीन अंग हुन्। कानुनी प्रावधान राखेकाले अहिले प्रतिनिधिसभा र राष्ट्रिय सभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ। प्रदेशसभामा ३४ प्रतिशत महिला छन्। स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन्। यी महिलाले हासिल गरेका उपलब्धि हुन्। कानुनीरूपमा बाध्यतावश दिनैपर्ने पद हुन्। देशका तीनवटै अंगका प्रमुख पुरुष छन्। अर्थात् प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख तीनवटैमा पुरुषको नेतृत्व छ। राष्ट्रपति पुरुष छन्। संघीय व्यवस्थापछि बनेका सात प्रदेश सरकार कुनैमा मुख्यमन्त्री महिला छैनन्। न त, प्रदेश प्रमुख नै महिला छन्।

संवैधानिक बाध्यता नहुँदा प्रदेश र संघीय सरकारमा ३३ प्रतिशत महिला छैनन्। ५५३ स्थानीय तहमध्ये २५ वटामा मात्रै महिला प्रमुख वा अध्यक्ष छन्। देशको सबैभन्दा उच्च कार्यकारी पद प्रधानमन्त्री अझै महिला बन्न सकेका छैनन्। प्रदेश सरकार स्थापनाको सात वर्ष बित्दासम्म मुख्यमन्त्री महिला बनेका छैनन्। बाध्यकारीबाहेकका पदमा महिलालाई अगाडि बढाउन नखोज्ने प्रवृत्ति सबैजसो दलमा छ। यही प्रवृत्ति महिला सहभागिता र नेतृत्वको बाधक हो। महिलालाई शासक होइन सेवक ठान्ने प्रवृत्ति हो। पितृसत्ताले गाँजिएका दलका नेताहरूको मनमा रहेको पितृसत्ताको घर नफाल्दासम्म राजनीतिक दल र सरकारको शासनपद्धतिमा निर्णायक तहमा महिला जान सक्ने अवस्था देखिँदैन।

महिला सहभागिता हुँदै महिला नेतृत्व लैंगिक समानता दिगो विकास र न्यायिक विकासका सूचक हुन्। व्यवस्थापिकाअन्तर्गत अहिले प्रतिनिधिसभा र राष्ट्रियसभामा महिलाको उपस्थिति ३३ प्रतिशत पुगेको छ। प्रदेशसभामा ३४ प्रतिशत महिला छन्। स्थानीय तहमा बढेर ४१ प्रतिशत महिला छन्। यी महिलाले हासिल गरेका उपलब्धि हुन्। सजिलो गरी भन्दा कानुनीरूपमा बाध्यतावश महिलालाई दिनैपर्ने पद हुन्। राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने हो भने सबैभन्दा पहिला कार्यकारी पदमा महिला ल्याउनुपर्छ। त्यो भनेको तीन तहकै सरकारमा ३३ प्रतिशत महिला अनिवार्य राख्ने व्यवस्था हुनुपर्छ। संघीय र प्रदेश सरकार दुवैमा कूल मन्त्रिपरिषद् सदस्य जोड्दा ३३ प्रतिशत महिला हुनैपर्ने कानुनी व्यवस्था हुनुपर्छ। नत्र मन्त्रिपरिषद्मा एक वा दुई मन्त्री राखेर लैंगिक समावेशीको उद्देश्य पूरा हुँदैन। यो मात्र हात्तीको दाँतजस्तै मात्र हुन्छ।

नेपालको समावेशी संविधानको जगमा बनेका १३ वटा संवैधानिक आयोगको व्यवस्था गरेको छ। ती अख्तियार दुरूपयोग अनुसन्धान, लोकसेवा, निर्वाचन, राष्ट्रिय महिला, प्राकृतिक स्रोत तथा वित्त, महालेखा, मानवअधिकार, आदिवासी जनजाति, मधेसी, थारु, समावेशी, मुस्लिमलगायत १३ वटा आयोग हुन्। राष्ट्रिय महिला आयोगबाहेक अरू १२ वटै आयोगमा अध्यक्ष पुरुष छन्। अधिकार सम्पन्न यस्ता आयोगमा महिलालाई अध्यक्षता नदिने मात्र होइन, ३३ प्रतिशत महिलाको नियुक्तिसमेत छैन।

राज्यका निर्णायक तह र सार्वजनिक नीति निर्माण तहमा महिला सहभागिता बढाउने दुई विधि छन्। ती हुन्, स्वतन्त्र निर्वाचन र सरकारी सेवा प्रवेश। राजनीतिकरूपमा वा स्वतन्त्ररूपमा जनमत पाएर वा सरकारबाट नियुक्त भएर जाने पदमात्र होइन, आफ्नो शैक्षिक र बौद्धिक बलबुताबाट जाने उच्चस्तरीय पदमा पनि महिला नेतृत्व छैन। सुरक्षा संयन्त्रकै कुरा गरौं, नेपाली सेना, सशस्त्र र नेपाल प्रहरी तीनवटै सुरक्षा निकायमा महिला प्रमुख छैनन्। वि.सं. २००७ बाट महिलालाई भर्ना लिन थालेको नेपाल प्रहरीमा अहिलेसम्म महिला प्रहरी प्रमुख बनाइएको छैन। वि.सं. १९६१ देखि महिलालाई भर्ती लिन थालेको नेपाली सेनामा पनि उस्तै छ। सुरुआतमा प्राविधिक फाँटमा महिलालाई भर्ना लिन थालेको सेनाले बिस्तारै नर्सिङ, चिकित्सक, इन्जिनियर हुँदै वि.सं. २००४ देखि सैन्य जवानमा महिला भर्ती लिन थालेको थियो। विडम्बना सेनामा अहिलेसम्म प्रमुख महिला बनेका छैनन्। दुवै सुरक्षा संयन्त्रमा अब पनि तत्काल प्रमुख बन्ने लाइनमा महिला छैनन्। प्रशासनिक क्षेत्रमा मुख्यसचिव सबैभन्दा ठूलो तह हो। निजामती क्षेत्रबाट देशको प्रशासन चलाउने मुख्यसचिव पनि पुरुष नै छन्। शिक्षा, योग्यता र अनुभवका आधारमा पुगिने यस्ता पदमा पनि महिला प्रमुख हुन सकेका छैनन्। सातवटै प्रदेशमा रहेका प्रमुखसचिव पनि पुरुष छन्। स्थानीय तहमा पनि अधिकांशमा प्रमुख प्रशासकीय अधिकृत पुरुष राखिएका छन्। प्रशासनिक क्षेत्रमा समान तहमा रहेका महिलालाई पनि प्रमुखको भूमिकामा नपठाइनु महिला नेतृत्व नस्वीकार्नुको अर्को उदाहरण हो।

निष्कर्षमा, संवैधानिक सुनिश्चितता भएकाले राज्य सञ्चालन प्रक्रियामा महिलाको सहभागिता बढ्दै गएको छ। यो राम्रो कुरा हो। तर, समावेशी लोकतान्त्रिक अभ्यास सुरु गरेको डेढ दशक बित्न लाग्दासम्म पनि महिला नेतृत्व स्थापित छैन। अर्थात् कार्यकारी, निर्णायक र नेतृत्व प्रदान गर्ने पदमा महिला उपस्थिति कमजोर छ। महिलाको भूमिकालाई आत्मसात् गरी समाज परिवर्तन गर्न हरेक क्षेत्रमा महिला नेतृत्व आवश्यक छ। त्यसका लागि महिलालाई संरक्षण, सम्मान, हौसला र गर्वकासाथ नेतृत्व तहमा पुऱ्याउन सघाउनुपर्छ।

विश्वमा सन् २०३० सम्ममा लैंगिकरूपमा महिला-पुरुषको समान सहभागिताको लक्ष्य निर्धारण गरिएको छ। दिगो विकास लक्ष्य पूरा गर्न पनि महिलालाई निर्णायक र नेतृत्व तहमा पुऱ्याउन काम गर्नुपर्ने छ। तीनवटै तहमा संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्ने छ। निर्णायक तहमा महिला नेतृत्व बढाउन राजनीतिक दल र सरकारमा महिला सहभागिता बढाउनुपर्छ। प्रदेशसभा र संघीय संसद्मा जस्तै मन्त्रिपरिषद्मा पनि अनिवार्य ३३ प्रतिशत महिला हुनुपर्ने कानुनी व्यवस्था गरिनुपर्छ। संवैधानिक आयोगमध्ये एकतिहाइमा प्रमुख महिला हुने व्यवस्था गरिनुपर्छ। *रासस*

## पत्र-मञ्जुषा

### नेता र व्यवसायीकै कारण डुब्दै जनता, अनि देश

उद्योगी व्यवसायीहरूले उत्पादन गरेर बजारमा पठाएको सामानको मूल्य जति तोकिएको हुन्छ, त्यतिमै उपभोक्ताले खरिद गर्छन्। सरकारलाई तिर्नुपर्ने राजस्व, कामदारको तलब, ढुवानी खर्च र नाफासहित जोडेर उद्योगी व्यवसायीले सामानको मूल्य निर्धारण गरेका हुन्छन्। जसले बजारबाट सामान खरिद गर्छ, उसैले राज्यलाई राजस्व तिर्छ।

उसैले कामदारको तलब, ढुवानी खर्च र साहुको नाफा व्यहोर्छ। जसले सामान बनाउँछ, उसैलाई सामानको मूल्य राख्न पाउने अधिकार सरकारले दिएको छ। व्यवसायीको जिब्रोमा रेट हुन्छ तर सरकारले मतलब गर्दैनन्। गुणस्तरहीन, म्याद सकिएको सामान बेच्नु व्यवसायीका लागि नौला कुरा होइन।

उनीहरूको धन्दा त्यसरी चलेको छ। बजारमा औषधिदेखि खाद्यान्नसमेत म्याद सकिएको बेचेको खबरहरू आइरहेको हुन्छ। उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गरिरहेको अवस्था छ। महँगो शुल्क तिरेर उपभोक्ता सामान खरिद गर्न बाध्य छन्। यद्यपि, त्यो पनि गुणस्तरयुक्त नहुँदा उपभोक्ता मर्कामा परेका छन्। खानेकुरामा मात्र होइन, अन्य सामानमा पनि त्यस्तै छ। यतिबेला बजेटको चर्चा छ। सरकारले आगामी आर्थिक वर्षको बजेट पेस गरिसकेको छ। बजेटमा स्टिलहरूमा कर बढाउने उल्लेख छ। कर बढाउने भएपछि स्टिल उद्योगीहरू ज्वलन्त भएका छन्। उनीहरू सरकारलाई चाबी बुझाउने चेतावनी दिइरहेका छन्।

सरकारले पहिलेदेखि नै उनीहरूलाई छुट दिइरहेको छ। अहिले सरकारले करको दायरामा ल्याउन लागेको हो। हिजो सरकारले कर छुट दिए पनि व्यवसायीले उपभोक्तालाई त पैसा लिएरै सामान बेचेका थिए। सामानमा केही सहुलियत थिएन। नाफाजति जम्मै आफ्नो गोजीमा हाल्ने, राज्यलाई कर नतिर्ने अनि राज्यले कर लिन खोज्नेबित्तिकै विरोध जनाउने।

जबकि उद्योगी व्यवसायीले होइन, उपभोक्ताले कर तिर्छन्। उपभोक्ताले कर तिर्ने, व्यवसायी आफ्नो खल्तीमा हाल्ने। राज्यले हामीलाई कर छुट दिएको छ, हामीले सस्तोमा सामान बेच्नुपर्छ भन्ने त उनीहरूले सोचेनन्। बरु, जति सक्दो लुटे। कुनै पनि व्यक्तिले व्यापार व्यवसाय गर्छ भने उसले राज्यको ऐनकानुन मान्नुपर्छ।

ऐनकानुनभित्र बसेर व्यवसाय सञ्चालन गर्नुपर्छ। पहिले त सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्नुपऱ्यो। कर तिर्नुपऱ्यो। व्यापार भनेको व्यापारै हो, यो समाज सेवा होइन। व्यापार नाफा कमाउनका लागि गरिने हो। तर, व्यापारको नाममा यहाँ लुटको धन्दा मच्चिएको छ। एक रूपैयाँ कम भयो भने व्यापारीहरूले सामान नै दिँदैनन्। गुणस्तरहीन सामान उपभोक्ताले महँगोमा किन्नु परिरहेको छ। सबै व्यवसायी करको दायरामा आउनैपर्छ। हिजो नाफा कमाएको बेलामा व्यवसायीलाई राज्यको ख्याल आएन। उपभोक्ताको ख्याल आएन। अनि करको दायरामा आउनुपर्छ भन्नेबित्तिकै हामी धराशायी बन्छौं, हाम्रो उद्योग बन्द हुन्छ भन्न मिल्छ ?

सरकारले कर छुट दिएको बेलामा उपभोक्तालाई सहुलियतमा सामान दिएको भए उनीहरूले व्यवसायीको पक्षमा बोल्थे। तर, व्यवसायीहरूले त उपभोक्तालाई डल्लो पारेर ठगेका छन्। राज्यलाई पनि चुस्ने, जनतालाई पनि ठग्ने काम व्यवसायीहरूले गरे। राज्यबाट कर छुट लिइरहने यता उपभोक्तालाई महँगो मूल्यमा सामान बेच्ने।

दिनदहाडै लुटको धन्दा मच्चिएको छ। पसलेहरूले उपभोक्तालाई अहिले पनि भ्याट बिल दिँदैनन्, किन ? किन कि भ्याट बिल दिएपछि त कर तिर्नुपर्छ। अहिले पनि धेरै व्यवसाय विनादर्ता सञ्चालनमा छ। उद्योगी व्यवसायीहरू सकेसम्म राजस्व छल्ने। कर तिर्नै नपरोस्जस्तो गर्ने।

पसलेहरू दर्ता नगरिकन पसल चलाइदिने। घरधनीहरू घर बहाल कर नतिर्ने। कर तिर्न भनेपछि सबैको दाँतबाट पसिना आउँछ। अनि देश कसरी चल्छ ? कर नउठेपछि सरकारी खर्च कहाँबाट ल्याएर धान्ने ? राजनीतिक दलहरू भोटको लोभी छन्। देशभन्दा तिनलाई भोट प्यारो छ। उद्योगी व्यवसायीहरूलाई कर लगाउनुहुँदैन् भने पत्रकार सम्मेलन गर्छन्। सांसदहरू रोष्टममा उभिएर कर फिर्ता लिनुपर्छ भन्ने। बरु सरकारले कर उठाउन सकेन्, हामी तलबभत्ता र सेवासुविधा लिदेनौं भन। कर नै नउठेपछि सरकारले कहाँबाट ल्याएर तलबभत्ता देओस् ?

नेताहरू दुई जिब्रे भए। स्थानीय जनप्रतिनिधि पनि त्यस्तै भए। आफ्नो क्षेत्रका बासिन्दालाई कसरी करको दायरामा ल्याउने ? तिनीहरूसँग केही योजना नै छैन। आफ्नो क्षेत्रको बासिन्दा रिसाउँछन्, अर्कोचोटि चुनाव हारिन्छ भनेर कर उठाउन डराउने। अनि, अनुदान काट्यो भन्दै अर्थ मन्त्रालय घेर्न जाने। जनप्रतिनिधिहरूलाई पनि लाज नलाग्दो रहेछ। उद्योगी व्यवसायीहरू सबै राजनीतिक दलका 'झोले' हुन्। पार्टी चलाउन पैसा दिने तर राज्यलाई कर नतिर्ने। राजनीतिक दललाई अलिकति खुवाएपछि खर्बौं राजस्व तिर्नुपर्दैन। अनि पार्टी त पाल्ने भइहाले। राजनीतिक दल देश र जनताका कलंक भए।

खाने बेला राजनीतिक दल खाने, भुक्तानीचाहिँ देश र जनताले गर्नुपर्ने ? कर उठेन भने सांसदहरूलाई कहाँबाट तलबभत्ता दिने ? स्थानीय जनप्रतिनिधि कसरी पाल्ने ? सरकार कर्मचारीको खर्च कसरी धान्ने ? देश विकास कहाँबाट हुन्छ ? यत्ति बुझ्ने क्षमता यहाँका राजनीतिक दल र सांसदहरूमा नभएको होइन तर बुझेर पनि बुझ पचाएका हुन्। सरकार मुस्किलको घडीमा छ। राजनीतिक दलको कारणले जनता डुबेका धेरै उदाहरणहरू छन्। सहकारीका बचतकर्ता डुबे। सरकारी जग्गा दर्ता गर्ने राजनीतिक दलका नेता, फसे सीधासाधी व्यक्ति। राजनीतिक दल र व्यापारी आफ्नो फाइदा मात्र हेर्ने, जनता पीडित बन्नुपर्ने। यो क्रम कहिलेसम्म चलिरहन्छ ?

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# यता हेर्‍यो सिक्लेस, उता हेर्‍यो ताङतिङ

■ रामबहादुर थापा



**गण्डकी–** हिउँचुलीको काखमा झुरूपप परेका बस्ती । वरिपरि हरिया वनपाखा र खर्क । सिरसिरे लेकाली हावा । उस्तै चराको चिरबिर । तलपट्टि सुसाइरहेको मादी खोला । यस्तो लाग्छ सिक्लेस र ताङतिङको भूगोल आफैंमा चित्रमय छ । हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यी गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिका संगम हुन् । ग्रामीण पर्यटनका अनुपम धरोहर हुन् ।

अन्नपूर्ण हिमालको फेदबाट बहने कास्कीको मादी खोलाले सिक्लेस र ताङतिङलाई दुईतिर छुटयाएको छ । मादी गाउँपालिका-१ मा सिक्लेस र २ मा ताङतिङ पर्छ । पर्यटकीय राजधानी पोखरादेखि नजिकको दूरीमा रहेका दुवै गाउँ घुमफिरका लागि चल्तीका गन्तव्य हुन् । सहरको कोलाहलबाट उम्केर केही घण्टामै पुग्न सकिन्छ, सिक्लेस र ताङतिङ । जहाँ न्यानो र आत्मिय आतिथ्यता प्राप्त हुन्छ ।

मनोरम प्रकृतिसँगै गाउँले परिवेश, रहनसहन, रैथाने खाना र आतिथ्य संस्कारले त्यहाँ पुग्ने पर्यटकलाई सजिलै लोभ्याउँछ । एकै बान्कीका घर, ढुंगा र जस्ताका छाना । ढुंगाकै आँगन र बाटो । पुरानो वास्तु झल्काउने झ्यालढोका । स-साना गल्ली, गल्छेँडा र तगारा ती गाउँका सौन्दर्य हुन् । व्यस्त दैनिकी छलेर त्यहाँ पुग्ने जो कोहीले तनाव भुल्छन् । प्रकृति र संस्कृतिमा नजर अडयाउँछन् अनि मन शान्त पार्छन् । पोखरादेखि ४१ किलोमिटर दूरीमा सिक्लेस र २७ किलोमिटर टाढा ताङतिङ गाउँ अवस्थित छ । सिक्लेसबाट ताङतिङ पूर्व र ताङतिङबाट सिक्लेस पश्चिमपट्टि पर्छ । बिहान र दिउँसोमा चिटिक्क देखिने यी गाउँलाई रातमा भने बिजुलीले झलमल्ल पारेको हुन्छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने यी गाउँ पदयात्राका लागि बढी लोकप्रिय छन् ।

सिक्लेसका पर्यटन व्यवसायी धन गुरुङले सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आउजाउ झनै बढ्न थालेको बताए । 'बर्खा लागेपछि अन्यत्र 'अफसिजन' सुरु हुन्छ, कोरीमा भने यही बेला बढी पर्यटक बढ्छन्,' उनले भने, 'कोरी र आसपासको क्षेत्र अहिले भुइँफूलले ढाकिएको छ, मनसुन ट्रेकमा रमाउनेका लागि कोरी उपयुक्त हो ।' पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार ८०० मिटरको कोरी लेक पुग्ने गरेको गुरुङले बताए । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन् । कोरी ट्रेक तीन दिनमा घुम्न सकिन्छ । पर्यटकीय गतिविधि बढेपछि कोरीमा होटल खुलेका छन् । पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने सञ्चार सामग्री, युटचुबलगायतका सञ्चारमाध्यम त्यस क्षेत्रलाई उजागर गरिदिएपछि पर्यटकको थप आकर्षण बढेको पर्यटन व्यवसायी गुरुङले बताए ।

मादी-१ का वडाध्यक्ष देवीजंग गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताए । 'पहिले सामुदायिक हिसाबले होमस्टे थिए, पर्यटकको संख्या पनि न्यून हुन्थ्यो,' उनले भने, 'पछिल्लो समय सिजनमा त गाउँ नै पर्यटकले भरिभराउ हुन्छ, यहाँ आन्तरिक पर्यटक नै बढी आउँछन् ।' सिक्लेसमा महिनामा ५०/६० जनासम्म विदेशी पर्यटक आएको तथ्यांक अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)सँग छ ।

वडाध्यक्ष गुरुङका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौं होमस्टे र होटल सञ्चालनमा छन् । होटल व्यवसायमा लगानी थपिने क्रम बढ्दो छ । सिक्लेस-ताराहिल-घलेखर्क नयाँ इको ट्रेक सञ्चालनका लागि पूर्वाधार तयारीको काम भइरहेको छ । सिक्लेस-खिलाङ-चिप्लीसम्म पनि पदमार्ग निर्माण भइरहेको वडाध्यक्ष गुरुङले जानकारी दिए । 'पहिले गोठालाहरू लेक र खर्क जाँदा हिँड्ने गरेको बाटोलाई नै पदमार्गका रूपमा विकास गर्न लागेका छौं,' वडाध्यक्ष गुरुङले भने, 'पर्यटकीय पूर्वाधार निर्माणमा प्रदेश सरकार र गाउँपालिकाको सहयोग छ ।'

सिक्लेसलाई नेपालको शान्ति प्रक्रियाको प्रस्थानबिन्दुका रूपमासमेत लिने गरिएको उनले सुनाए । वि.सं. २०६३ असार २ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल भूमिगत राजनीतिपछि पहिलोपटक सिक्लेसमा सार्वजनिक भएका थिए । त्यसको केही महिनापछि विस्तृत शान्ति सम्झौता भएको थियो । जनयुद्धको बैठानसँगै शान्ति प्रक्रियाको प्रस्थानबिन्दुका रूपमा लिइने सिक्लेसमा शान्ति स्मारक पनि बनेको छ । सिक्लेस पुग्ने पर्यटक गुरुङ संग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेषभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन् । पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दूरीको पदयात्रा तय गर्छन् । पोखरादेखि दुई/अढाइ घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ । पोखरा-सिक्लेस सडक स्तरोन्नति भइरहकाले यातायात सेवा पनि सहज बनेको छ ।

सिक्लेस र ताङतिङको पैदल दूरी तीन घण्टा जतिको छ । दुई हजार मिटर उचाइमा सिक्लेस र १७ सय मिटरमा ताङतिङ अवस्थित छ । दुवै गाउँका घरका बनोट र बान्की उस्तैउस्तै छन् । सिक्लेसमा ४०० भन्दा बढी छन् भने ताङतिङमा त्यसको झण्डै आधा । दुवै गाउँमा ९५ प्रतिशत गुरुङको बसोबास छ । ताङतिङ सामुदायिक घरबास सञ्चालक समितिकी अध्यक्ष तिलशोभा गुरुङले गाउँमा १५ होमस्टे र छ होटल सञ्चालनमा रहेको जानकारी दिइन् । होमस्टेमा आन्तरिक पर्यटकका लागि एक हजार २०० रूपैयाँको दैनिक प्याकेज छ । जसमा एक छाक खाना मासु, एक छाक सादा खाना, बिहान/बेलुकाको खाजा र एक रात सुत्न पाइन्छ ।

'खानामा घरगाउँको आटोढिँडो, गुन्द्रुक, मकै, भट्ट, आलु, लोकल कुखुराको मासु हुन्छ, अहिले निउरोको सिजन छ, हाम्रो भान्सामा निउरो टुट्दैन,' होमस्टेकी अध्यक्ष गुरुङले भनिन्, 'सिजनअनुसार गाउँमै उत्पादनका परिकार पाहुनालाई खुवाउँछौं, पाहुनाको रुचिअनुसार अरू परिकार पनि पकाउँछौं ।' पेयपदार्थमा पनि घरेलु उत्पादनलाई नै पाहुनाले बढी रुचाउने गरेका छन् । पर्यटकको मनोरञ्जनका लागि सती, घाटुलगायत मौलिक नाच र गीतसंगीत प्रस्तुत गर्ने गरिएको उनको भनाइ छ ।

मादी-२ का वडाध्यक्ष भोजबहादुर गुरुङले कर्पुडाँडा, कालीलेख, दूधपोखरी, कपुचे, कोरीलगायत त्यहाँका पर्यटकीय महत्त्व बोकेका ठाउँ हुन् । गुरुङ जातिको उद्गमस्थल मानिने क्होलासोँथार पनि सोही वडाको साँधमा पर्छ । ताङतिङबाट धेरैतिर पदयात्रा गर्न सकिने उनले बताए । 'कास्की, लमजुङ र मनाङको सीमामा पर्ने दूधपोखरी यहाँको महत्त्वपूर्ण गन्तव्यस्थल हो, जनैपूर्णिमा त्यहाँ ठूलो मेला लाग्छ,' वडाध्यक्ष भोजबहादुरले भने, 'ताङतिङ भएर कपुचे, कोरीलगायत ठाउँको पदयात्रा पनि गर्न सकिन्छ ।'

ताङतिङको पर्यटनलाई उकास्न योजनाबद्ध विकासको खाका कोर्ने काम भइरहेको उनले बताए । 'मादी गाउँपालिकामा पर्ने सबै पर्यटकीय गन्तव्यस्थललाई समेटेर बृहत् पर्यटन गुरुयोजना बनाउन आवश्यक छ,' उनले भने, 'पर्यटकीय पूर्वाधार र प्रवर्द्धनमा ध्यान दिन सकियो भने यस क्षेत्रले पर्यटन व्यवसायबाट ठूलो लाभ उठाउन सक्छ ।'

पुस्तौंदेखि कृषि र पशुपालनमा रमाएका ताङतिङबासीको पेसामा अहिले पर्यटन व्यवसाय पनि जोडिएको छ । ताङतिङबाट लमजुङको भुजुङ, घलेगाउँदेखि मनाङसम्म पदयात्रा गर्न सकिने वडाध्यक्ष भोजबहादुरले बताए ।

हिउँदमा दन्तेलहरझैं देखिने हिमशृंखला र वर्षात्मा झरी र बादलको लुकामारीले सिक्लेस र ताङतिङको सौन्दर्य उसैगरी खुल्छ । अन्नपूर्ण दोस्रो र लमजुङ हिमालले यी गाउँको शोभा बढाएका छन् । लेक र खर्कतिर रहेका स-साना तलाउ, कुण्ड र झरनाले पनि पर्यटकलाई तान्ने गरेका छन् । निगालोबाट बन्ने डोको, सेखु, मान्द्रा, चित्राजस्ता घरेलु उत्पादनका सामग्री त्यहाँ बन्छन् । महिलाहरूले पिँढीमा तान लगाएर अल्लो र ढाकाका कपडा बुनेको दृश्य लोभलाग्दो देखिन्छ । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/३० गते)

मेहर सिंह लामाको नाति, धन बहादुर लामा/बुद्धि माया लामाको छोरा, आस कुमारी लामा को पति स्थायी ठेगाना चितवन जिल्ला, डेवौली गाउँ पंचायत वडा नं ०३ भई (हाल रत्ननगर न.पा वडा नं ८, चितवन) बस्ने पासाङ्ग छिरी लामाको मिति २०८१/०१/१४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सौराहा शाखामा रहेको बचत खाता नं.०२९००१६८२६४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय सौराहामा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय सौराहा, चितवन फोन नं. ०५६-५८०४९०



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०२/३० गते)

भिके कुमालको नाति, स्यानो धने कुमालको छोरा, सुक माया कुमालको पति कास्की जिल्ला, पोखरा उप.म.न.पा.,वडा नं. २७ बस्ने लिल बहादुर कुमालको मिति २०८१/०१/२३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लेखनाथ शाखामा रहेको लिल बहादुर कुमालको खाता नं.१२४०२३३८१८३००००१मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतिले यस बैंकको लेखनाथ शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय लेखनाथमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय लेखनाथ, कास्की फोन नं. ०६१-५६२०१४/१५



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mansoor Al Rajeh For General Contracting Est
पुर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306293 | चलानी नं. ६०२२०९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Imtiazat Al Roya Establishment for General Contracting
पुर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306101 | चलानी नं. ६०२२०९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६४,२५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786
E-mail : nationalexportsmc@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSHA'AT AL TUWAYA GENENRAL CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८१/०२/२८ | LT. No. 306210 | चलानी नं. ६०२२०९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 15 | 0 | 1000 | ३५,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI SOLIDARITY READY MIX CONCRETE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 296165 | चलानी नं. ६०२११३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERA CLEANING & MAINTENANCE
पूर्व स्वीकृति मिति: २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 304039 | चलानी नं. ६०२१८९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 10 | 5 | 1000 | ३६,५७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 5 | 1 | 1000 | ३६,५७० | | | | | | | |
| 3 | Labor Services | 8 | 0 | 1000 | ३६,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम इजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACCURO SPECIALIST SUPPORT SERCICES LLC
पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 306259 | चलानी नं. ६०२२०९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 200 | 200 | 800 | २९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 100 | 100 | 800 | २९,०२५ | | | | | | | |
| 3 | Messenger | 25 | 25 | 1000 | ३६,२८५ | | | | | | | |
| 4 | Waiter | 50 | 0 | 900 | ३२,६५५ | | | | | | | |
| 5 | Waitress | 0 | 50 | 900 | ३२,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTIDAMA NAJD GENERAL CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति: २०८१/०२/२८ | LT. No. 306223 | चलानी नं. ६०२२०९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 12 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA JIANGSU CONSTRUCTION GROUP CORPORATION
पूर्व स्वीकृति मिति : २०८०/०७/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No.: 294059 | चलानी नं. :६०२०९३१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 16665 | ५००४६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 8 | 0 | 16665 | ५००४६ | | | | | | | |
| 3 | Steel Fixer | 8 | 0 | 16665 | ५००४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: युनिभर्सल ट्रेनिङ सेन्टर, कपन मार्ग ३, काठमाडौंमा मितिः २०८१ असार ७ र ८ गते (21 & 22 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT No. 292130 | चलानी नं ६०२०७२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 47 | 0 | 900 | ३२,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | packer | 50 | 0 | 900 | ३२,६३५ | | | | | | | |
| 3 | ticket collector | 70 | 70 | 1400 | ५०,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क - निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम इजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

# प्रभाव दैनिक

बुधबार ३०, जेठ २०८१ (Wednesday, June 12, 2024)


रूपशाला

### 'लण्डन टु पेरिस'को नयाँ गीत 'हतारले' सार्वजनिक

गत शुक्रबारदेखि सार्वजनिक प्रदर्शनमा आएको फिल्म हो 'लण्डन टु पेरिस' । फिल्मको नयाँ गीत 'हतारले' सार्वजनिक गरिएको छ । गीतमा फिल्मका मुख्य कलाकार निश्चल खड्का, कवीर खड्का, गरिमा शर्मा र रूष्मा थापा देखिएका छन् । गीतमा सलिन मगरको शब्द, संगीत र स्वर छ । घनश्याम लामिछाने निर्देशित फिल्म ट्राभल लभस्टोरीको कथा बनेको हो । फिल्मको कथा, पटकथा र संवाद प्रदीप भारद्वाजले लेखेका हुन् । फिल्ममा साम्राज्ञी राज्य लक्ष्मी शाह, निश्चल खड्का, गरिमा शर्मा, कविर खड्का, रूष्मा थापा, मनिश श्रेष्ठ तथा मनिष गान्धीको मुख्य अभिनय छ ।



## 'ह्रस्व दीर्घ' लुक्समा नीता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नायिका नीता ढुंगानाको मुख्य भूमिका रहेको फिल्म 'ह्रस्व दीर्घ'बाट उनको पहिलो लुक्स सार्वजनिक भएको छ ।

लुक्समा नीतालाई हातमा बज्र लिएर उभिएको देख्न सकिन्छ भने दक्षिण भारतीय अभिनेता ब्रह्मानन्दम, अली र नेपाली कलाकार किरण केसी, बुद्धि तामाङ, रवीन्द्र झा र आदर्श मिश्रलाई आआफ्नो चरित्रमा देखाइएको छ ।

असोज ३ गतेबाट रिलिज हुने फिल्ममा चन्द्र पन्तको निर्देशन छ । फिल्ममा नीता ढुंगाना, हरिहर अधिकारी, विपना थापा, गरिमा शर्मा, प्रशान्त ताम्राकार, सरोज खनाल, बुद्धि तामाङ, किरण केसी, रवीन्द्र झा, ब्रह्मानन्दम, अलि, प्रदीप रावत र कबीर दुहान सिंहको मुख्य भूमिका छ ।

हरिहर अधिकारीको कथा लेखन रहेको फिल्ममा भारतीय छायांकार कवीरलालको छायाकन छ । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' जस्ता दर्जनौं बलिउड फिल्म खिचेका छन् ।

फिल्मको नेपाल र भारतमा गरी तीन चरणमा छायांकन गरिएको थियो । फिल्ममा मित्र डि गुरुङको सम्पादन तथा रामजी लामिछाने र बलिउडकी सुष्मा सुमनको कोरियोग्राफी रहेको छ ।

## 'नेपाल अफ्रिका चलचित्र महोत्सव' मा १० देशका २८ चलचित्र प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेशन र विलक्षण क्रियसनको आयोजनामा आगामी असारमा हुने '१२औं नेपाल अफ्रिका चलचित्र महोत्सव २०२४' मा प्रदर्शनका लागि १० देशका २८ चलचित्र, वृतचित्र र लघु चलचित्र छनोट भएका छन् ।

असार ७ देखि ९ गतेसम्म काठमाडौँमा गरिने महोत्सवमा नेपालबाहेक साउथ अफ्रिका, इजिप्ट, तान्जानियाँ, टर्की, मोजाम्बिया, जिम्बाबे, क्यामरुन, मोरिसस, जमर्ईकालगायत देशका आठ चलचित्र छनोट भएका महोत्सव निर्देशक डब्बु क्षेत्रीले जानकारी दिए ।

नेपाल र अफ्रिकाको संस्कृति आदनप्रदानसँगै चलचित्रबाट दुई फरक महाद्वीपलाई जोड्ने उद्देश्यले महोत्सव आयोजना हुँदै आएको उनले बताए । 'महोत्सवले हामीलाई विभिन्न देशबारे बुझ्न मद्दत गर्छ । यसपटक चलचित्र भवनमै छनोट भएका सामग्री प्रदर्शन गर्ने तयारी गरेका छौँ', निर्देशक क्षेत्रीले भने ।

उनका अनुसार महोत्सवमा विदेशी चलचित्रतर्फ 'फुल्स', 'द चेस्लर', वृतचित्रतर्फ 'वि ह्याभ नेभर विन किड्स', 'ह्वाईट पोसन' तथा लघु चलचित्रतर्फ 'डाईनिज', 'अफस्प्रिङ', 'सर्भाईभर' र 'इग्नोरेन्स इज अ लाईफस्टाईल' छनोट गरिएका छन् । यस्तै, महोत्सवमा नेपालबाट चलचित्र र आदिवासी चलचित्रतर्फ 'सरी मम', 'काँडेतार', 'गोर्खा वारियर', 'सनाखत', 'आफ्नै कर्म', 'लोजिमा' र 'रित' छनोट भएको छ । वृतचित्रतर्फ 'जर्नी टु गोक्यो', 'काँचो बायु' र 'चेसिङ द ड्रिम' तथा लघु चलचित्रतर्फ 'सिगरेट', 'आमा', 'ऐना', 'ढुकढुकी', 'घटेरो', 'हे दैव', 'जुत्ता', 'म्यारिज डे', 'मातृत्व' र 'रोटेन ब्लड' छनोट भएका छन् । महोत्सव अवधिभर चलचित्र प्रदर्शनका साथै चलचित्र कार्यशाला, नेपाली चलचित्रको विषयमा अन्तक्रियालगायतका विभिन्न कार्यक्रम हुनेसमते आयोजकले जनाएको छ ।

## प्रेमी जहीरसँग विवाह गर्दै सोनाक्षी

**काठमाडौं–** बलिउड अभिनेत्री सोनाक्षी सिन्हा आफ्नो विवाहको खबरलाई लिएर चर्चामा छिन् । मिडिया रिपोर्टका अनुसार अभिनेत्री चाँडै नै आफ्नो लामो समयका प्रेमी जहीर इकबालको दुलही बन्न लागेकी छिन् । अभिनेत्री जहीरसँग २३ जुनमा मुम्बईमा विवाह बन्धनमा बाँधिने खबर आइरहेको छ । यद्यपी यी खबरहरू नायिकाले पुष्टी गरेकी छैनन् ।



यसैबीच उनका पिता, अभिनेता तथा राजनीतिज्ञ शत्रुघ्न सिन्हाको बयान बाहिर आएको छ । छोरीको बिहेबारे आफूलाई कुनै जानकारी नभएको उनले बताए । शत्रुघन सिन्हाले हालै एक कुराकानीमा आफ्नी छोरी सोनाक्षीको विवाहको बारेमा आफूलाई कुनै जानकारी नभएको बताएका थिए । उनीहरूलाई पनि मिडियाबाट सुनेको जति थाहा छ । अभिनेताले भने, 'मैले मिडियामा जति पढेको छु, सोनाक्षीले यसबारे कहिले बताउनुहुन्छ भन्ने मलाई पनि थाहा छ । हामी सधैं उनीहरूको खुशीको कामना गर्दछौं ।

योसँगै उनले भावुक भएर छोरीको निर्णयमा आफूलाई पूर्ण विश्वास रहेको बताए । शत्रुघ्नले भने, 'हामीलाई सोनाक्षीमा पूर्ण विश्वास छ । उसले कहिल्यै कुनै अवैध वा गलत निर्णय लिने छैन । उनी वयस्क छिन्, उनीसँग आफ्नै निर्णयहरू लिने अधिकार छ ।' सोनाक्षी सिन्हा र जहीर इकबाल लामो समयदेखि एकअर्कालाई डेट गरिरहेका छन् । मिडिया रिपोर्टका अनुसार दुबै अब आफ्नो सम्बन्धलाई अर्को तहमा लैजान तयार छन् ।

रंगशाला

टी-२० विश्वकप

## नेपाल श्रीलंकासँग खेल्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी पुरुष टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफनो दोस्रो खेलमा नेपालले आज (बुधबार) टेस्ट मान्यता प्राप्त राष्ट्र श्रीलंकासँग खेलेको छ ।

अमेरिकाको फ्लोरिडास्थित ब्रोआर्ड काउन्टी रंगशालामा हुने उक्त खेल नेपाली समयअनुसार भोलि बिहान ५:१५ बजेदेखि सुरु हुनेछ । सिनियर क्रिकेट प्रतियोगितामा नेपाल र श्रीलंका पहिलो पटक आमनेसामने हुन लागेका हुन । त्यसो त उमेर समूहमा भने यी दुई टोलीबीच पटक-पटक भेट भएको थियो । नेपालले टेष्ट राष्ट्र श्रीलंकालाई हराउँदै आफनो विश्वकप यात्रालाई अगाडि बनाउने कोसिसमा रहनेछ ।

त्यसैगरी लगातार दुई खेलमा पराजित श्रीलंकाले पनि नेपाललाई हराउदै विश्वकपको अघिल्लो चरण प्रवेशको सम्भावनालाई जीवितै बनाउन चाहन्छ । नेपाललाई विश्वकपको सुपर आठमा प्रवेश गर्नका लागि पनि बाँकी खेल जित्नुपर्ने दबाब छ । विश्वकपमा प्रत्येक समूहका शीर्ष दुई टोली अर्को चरणमा पुग्ने प्रावधान छ ।

नेपाल आफ्नो पहिलो खेलमा नेदरल्यान्डसँग ६ विकेटले पराजित भएको थियो । यता श्रीलंकाको दक्षिण अफ्रिकासँग छ विकेट र बंगलादेशसँग दुई विकेटले पराजित भएको थियो ।

नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले श्रीलंकाविरुद्धको खेल नेपालका लागि टेस्ट राष्ट्रविरुद्ध जित हासिल गर्ने पहिलो अवसरको रूपमा रहेको बताउनुभयो । उहाँले विश्वकप क्रिकेट प्रतियोगितामा एशोसिएट राष्ट्रले पनि टेस्ट राष्ट्रलाई पराजित गरेको इतिहास रहेको भन्दै आफ्नो टोलीले उच्च मनोबलका साथ श्रीलंका विरुद्धको खेलमा जित निकाल्ने विश्वास व्यक्त गर्नुभयो । विश्वकप अघि नेपालले फ्लोरिडामै क्यानडाविरुद्ध एक अभ्यास खेल खेलेको थियो । जसमा नेपाल क्यानडासँग पराजित भएको थियो ।

फ्लोरिडामै श्रीलंकाले भने दुई अभ्यास खेल खेलेको थियो । पहिलो खेलमा नेदरल्यान्ड्ससँग हारेको श्रीलंकाले दोस्रो खेलमा आयरल्यान्डलाई पराजित गरेको थियो । विश्वकपमा नेपालको यो दोस्रो सहभागिता हो । यसअघि नेपालले सन् २०१४ मा पहिलो पटक विश्वकप खेलेको थियो । घरेलु मैदानमा भएको एसिया छनोट खेलमा नेपालले संयुक्त अरब इरिरेट्स (यूएई) लाई सेमिफाइनलमा पराजित गर्दै दोस्रो पटक विश्वकपमा स्थान पक्का गरेको थियो ।

## स्वप्निल र आइसटिनालाई जुनियर गल्फको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** ओलम्पिक डे जुनियर गल्फ प्रतियोगिता अन्तर्गत २१ वर्ष उमेर समूहमा स्वप्निल भट्टराई र आइसटिना टण्डन उपाधि जित्न सफल भएका छन् ।

रोयल नेपाल गल्फ क्लबमा स्ट्रोक प्ले स्क्रयाच फर्म्याटमा भएको २१ वर्ष उमेर समूहमा स्वप्निल भट्टराईले प्रकृत तामाङलाई एक स्ट्रोकले हराउँदै पहिलो स्थान हात पारे । उनले ७-ओभर ७५ स्कोर गरे । ८-ओभर ७६ सहित प्रकृत दोस्रो भए । १२-ओभर ८० सहित सुशान्त कँडेल तेस्रो भए ।

महिला यु-२१ तर्फ ८७ स्कोरका साथ आइसटिना टण्डनले स्वर्ण पदक हात पारिन । अनभद्या मल्लले रजत र अवानी राईले कास्य पदक हात पारे ।



पुरुष १३ देखि १६ वर्ष सम्मको उमेर समूहमा जयवीर आचार्यले पहिलो स्थान प्राप्त गरे । कूल १२-ओभर ८० खेलेका उनले इदान्त सिंह साउदलाई ६ स्ट्रोकले हराए । ८६ स्कोरसहित इदान्त दोस्रो र ८९ खेलेका सोहम अग्रवाल तेस्रो भए ।

पुरुष १० देखि १२ वर्ष उमेर समूहमा आरोह न्यौपाने पहिलो र आर्यब शाह दोस्रो भए । नौ होलको प्रतिस्पर्धामा आरोहले ४७ र आर्यबले ५५ स्कोर गरे ।

नेपाल गल्फ संघ र रोयल नेपाल गल्फ संघद्वारा संयुक्त रूपमा आयोजित एक दिने प्रतियोगितामा कुल २४ खेलाडीको सहभागिता रहेको थियो । विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका अध्यक्ष तथा ओलम्पिक कमिटीका सदस्य टासी घले, नेपाल गल्फ संघका कोषाध्यक्ष किसन अग्रवाल, रोयल नेपाल गल्फ संघका क्याप्टेन मिथुन राई र लेडि क्याप्टेन आर्सीया बानुले पुरस्कार वितरण गरे ।

## खेल हेर्न गएका क्रिकेट अध्यक्षको मृत्यु

■ एजेन्सी

**काठमाडौं–** मुम्बई क्रिकेट संघका अध्यक्ष अमोल कालेको अमेरिकामा निधन भएको छ । टी-२० विश्वकप अन्तर्गत भारत र पाकिस्तानको खेल हेर्न अमेरिका पुगेका ४७ बर्षिय कालेको हृदयघातका कारण निधन भएको भारतीय मिडियाले उलेल्ख गरेका छन् ।

न्युयोर्कको नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा आइतबार भारत र पाकिस्तानबीच भएको टी-२० विश्वकपको खेल हेर्न उनी एमसीएका अन्य दुई अधिकारीसँग पुगेका थिए ।

उनीसँगै एमसीएका सचिव अजिंक्य नायक र एपेक्स काउन्सिलका सदस्य सुरज सामत पनि थिए । काले अक्टोबर २०२२ मा एमसीएको अध्यक्षमा निर्वाचित भएका थिए । उनले एमसीए अध्यक्षको चुनावमा १९९३ विश्व च्याम्पियन टोलीका सदस्य सन्दीप पाटिललाई हराएका थिए । कालेले मुम्बईका लागि रणजी र अन्य घरेलु प्रतियोगितामा खेल्ने घरेलु खेलाडीको म्याच शुल्क दोब्बर बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

महाराष्ट्र क्रिकेट संघको अध्यक्ष हुनुको अलावा, उनी टेनिस-बल फ्रेन्चाइजी क्रिकेट लीग इन्डियन स्ट्रीट प्रिमियर लिगको सह-प्रवर्तक पनि थिए ।



दक्षिणी गाजा पट्टी सहरको अल-मवासी क्षेत्रमा विस्थापित प्यालेस्टिनीहरूका लागि व्यवस्था गरिएको पाल । इजरायली सेनाले आक्रमण जारी राख्दा विस्थापितको संख्या बढ्दो छ । तस्बिर: सिन्हवा

# राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा गाजा युद्धविरामलाई समर्थन गर्ने अमेरिकी मस्यौदा प्रस्ताव अनुमोदन



**न्युयोर्क (अमेरिका)–** इजरायल-हमास युद्धको कारण पश्चिम एसियामा बढ्दो तनावबीच हाल आठौं महिनामा छ, राष्ट्रसंघीय सुरक्षा परिषद्ले सोमबार गाजामा स्थायी युद्धविराम र बन्धकको रिहाइका लागि अमेरिकी प्रस्ताव पारित गऱ्यो ।

अमेरिकाले तयार पारेको पाठले हमासलाई राष्ट्रपति जो बाइडेनले मे-३१ मा घोषणा गरेको युद्धविराम प्रस्ताव स्वीकार गर्न आह्वान गरेको छ, जसलाई इजरायलले पहिले नै स्वीकार गरिसकेको छ । भिटो शक्ति प्रयोग नगर्ने निर्णयपछि प्रस्तावको पक्षमा १५ मत, विरूद्ध शून्य र रूसद्वारा एक अनुपस्थितिका साथ प्रस्ताव पारित भएको थियो ।

राष्ट्रसंघका अनुसार स्वीकृत प्रस्तावको उद्देश्य तीन चरणमा व्यापक युद्धविराम सम्झौतामा पुग्नु हो । पहिलो चरणमा 'महिला, वृद्ध र घाइतेलगायत बन्धकको रिहाइ, मारिएका बन्धकको अवशेष फिर्ता र प्यालेस्टिनी कैदीको आदानप्रदान' गरी तत्काल, पूर्ण युद्धविरामको आह्वान गरिएको छ । यसले इजरायली सैनिकलाई गाजाको जनसंख्या भएका क्षेत्र छोडी प्यालेस्टिनीलाई आफ्नो घर वा समुदायमा फर्कन अनुमति दिन र मानवीय सहायता व्यापक र सुरक्षितरूपमा वितरण गर्न माग गर्दछ ।

राष्ट्रसंघका अनुसार दोस्रो चरणले 'गाजामा रहेका सबै बन्धकको रिहाइ र गाजाबाट इजरायली सेनाको पूर्ण फिर्तीको बदलामा' शत्रुताको स्थायी अन्त्य अनुभूति गर्ने छ । अर्कोतर्फ, तेस्रो चरणमा 'गाजाका लागि प्रमुख बहुवर्षीय पुनर्निर्माण योजना' हुने छ र गाँजामा मृतक बन्धकको अवशेष इजरायललाई फिर्ता गरिने छ । राष्ट्रपति बाइडेनले उक्त सम्झौतालाई 'युद्धविराम मात्र नभई अनिवार्य युद्धको स्थायी अन्त्य गर्ने सम्झौताको रूपमा वर्णन गरेका थिए । उनले सम्झौताका सर्त कतारले हमासको नेतृत्वलाई हस्तान्तरण गरेको बताएका थिए ।

यसैबीच, संयुक्त राष्ट्रका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रीनफिल्डले यदि हमासले सुरक्षा परिषद्ले अनुमोदन गरेको सम्झौतामा सहमत भयो भने लडाइँ रोक्न सक्ने बताएका थिए । उनले जोड दिएकी हमासले अब स्पष्टरूपमा हेर्नुपर्छ कि अन्तर र्ाष्ट्रिय समुदाय एकजुट छ, 'एउटा सम्झौताको पछाडि एकजुट छ जसले जीवन बचाउने छ र गाजामा प्यालेस्टिनी नागरिकलाई पुनर्निर्माण र निको हुन मद्दत गर्ने छ । बन्धकहरूलाई आठ महिना कैदपछि उनीहरूका परिवारसँग पुनःमिलन गर्ने सम्झौताको पछाडि एकजुट हुनुहोस् ।' *रासस/एएनआई*

# यमनमा डुंगा डुब्दा ३९ जना आप्रवासीको मृत्यु

**दुबई–** यमनमा २०० भन्दा बढी आप्रवासी बोकेको डुंगा डुब्दा अफ्रिकाबाट खतरनाक आप्रवासन मार्गमा पछिल्लो प्रकोपमा परेका ३९ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघीय एजेन्सीले मंगलबार जनाएको छ ।

यमन तटमा भएको दुःखद् घटनामा सोमबार २६० आप्रवासी बोकेको डुंगा डुब्दा ३९ जनाको मृत्यु हुनुका साथै १५० जना बेपत्ता भएका छन् भने ७१ जनाको उद्धार गरिएको आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनले सोमबारको डुबानलाई उल्लेख गर्दै एक्समा सार्वजनिक गरेको छ । प्रत्येक वर्ष हर्न अफ अफ्रिकाबाट हजारौं आप्रवासी द्वन्द्व, प्राकृतिक प्रकोप वा कमजोर आर्थिक सम्भावनाबाट बच्न तेल-धनी खाडीमा पुग्न लाल सागर पार गर्न निस्कन्छन् । अप्रिलमा, दुई डुंगा जिबूतीको तटमा दुई हप्ताको अन्तरमा डुबेका थिए, जसमा दर्जनौंको मृत्यु भएको थियो । आइओएमले यस वर्ष समावेश नगरी सन् २०१४ देखि आप्रवासन मार्गमा कूल एक हजार ३५० जनाको मृत्यु भएको जनाएको छ ।

सन् २०२३ मा मात्रै, यसले समुद्रमा हराएको १०५ जनासहित मार्गमा ६९८ जनाको मृत्यु भएको दस्तावेज गरेको बताएको छ । आइओएमले मंगलबार जीवित मानिसलाई तत्काल सहायता प्रदान गरिरहेको बताएको छ । यमनमा सफलतापूर्वक पुग्ने आप्रवासीले प्रायः आफ्नो सुरक्षाका लागि थप खतराको सामना गर्छन् । अरब प्रायःद्वीपको सबैभन्दा गरिब देश एक दशकदेखि गृहयुद्धमा फसेको छ ।

धेरैले साउदी अरब र अन्य खाडी अरब देशमा पुग्ने प्रयास गरिरहेका छन् जहाँ उनीहरू मजदुर वा घरेलु कामदारको रूपमा काम गर्छन् । अगस्टमा ह्युमन राइट्स वाचले साउदी सीमा रक्षकलाई मार्च २०२२ र जुन २०२३ को बीचमा यमनबाट खाडी राज्यमा प्रवेश गर्न खोज्ने 'कम्तीमा सयौं' इथियोपियालीको हत्या गरेको आरोप लगाएको थियो । रियादले समूहको निष्कर्षलाई निराधार र भरपर्दो स्रोतमा आधारित नभएको भन्दै खारेज गरेको थियो । *रासस/एएफपी*

# इजरायली बन्धक उद्धार अभियानमा भएको नागरिक हताहतप्रति राष्ट्रसंघको निन्दा

**राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले साताव्यापी इजरायली बन्धक उद्धार अभियानमा ठूलो संख्यामा नागरिक हताहत भएकोमा निन्दा गरेको उनका प्रवक्ताले बताएका छन् । महासचिव गुटेर्रेसले सो घटनाप्रति चरम दुःख व्यक्त गर्दै अपरेसनको सन्दर्भमा सयौं प्यालेस्टिनी नागरिकहरूको मृत्यु हुनुका साथै सयौं घाइते भएकोमा निन्दा गरेको प्रवक्ता स्टेफन डुजारिकले स्पष्ट पारेका छन् ।

मानवीय जीवन हानि एउटा त्रासदी भएको जनाउँदै सबै पक्षहरूलाई द्वन्द्वको प्रभाव भोगिरहेका नागरिकहरू, सुरक्षालाई प्राथमिकता दिन आग्रह गरेका छन् । अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सबैले आ-आफ्नो दायित्व पालना गर्ने डुजारिकले दैनिक प्रेस ब्रिफिङमा उल्लेख गरे । संयुक्त राष्ट्रसंघको मानवीय अभियानका लागि पुनः सक्षमताको आवश्यकता औंल्याउँदै विश्व निकायले तत्काल युद्धविराम, मानवीय कार्यहरूमा पूर्ण र निर्बाध पहुँच, र बन्धकहरूको रिहाइका लागि आह्वान गरिरहेको उनले बताए ।

इजरायली सेनाले शनिबार मध्य गाजाको नुसिरात शरणार्थी शिविरबाट चार जना बन्धकलाई उद्धार गरेको छ । हमासद्वारा सञ्चालित स्वास्थ्य अधिकारीहरूका अनुसार उक्त कारबाहीमा २७४ जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै ६९८ जना घाइते भएका छन् । संयुक्त राष्ट्रसंघले चार जना बन्धक मुक्त भई प्रियजनहरूसँग पुनर्मिलन भएको खबरलाई स्वागत गरेको छ । गुटेर्रेसले सबै बाँकी बन्धकहरूको तत्काल र विनासर्त रिहाइका लागि आह्वान गरिरहेको डुजारिकले जनाए । *रासस/सिन्ह्वा*

# रूसी सैन्य विमान दुर्घटना हुँदा दुई जना पाइलटको मृत्यु

**मस्को (रुस)–** उत्तरी ओसेटियाको ककेशस क्षेत्रमा प्रशिक्षण उडानको क्रममा एक रूसी सैन्य जेट दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार दुई जनाको मृत्यु भएको रक्षा मन्त्रालयले मंगलबार जनाएको छ । सुखोई-३४ जेट 'पाहाडी क्षेत्रमा' दुर्घटनाग्रस्त भएकाले जमिनमा कुनै क्षति नभएको एक विज्ञप्तिमा भनिएको छ । प्रारम्भिक अनुसन्धानबाट प्राविधिक समस्याका कारण दुर्घटना भएको आकलन गरिएको छ । दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन थप अनुसन्धान सुरु गरेको बताइएको छ । पूर्वसोभियत जर्जियाको सिमानामा रहेको उत्तर ओसेटिया युक्रेनको फ्रन्ट लाइनबाट करिब ८०० किलोमिटर टाढा छ । *रासस/एएफपी*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/२७ मा दर्ता भएको **प्रा.लि. नं. २७१४०७** को **सुर्य एण्ड सन्स एग्रो फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) (क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०२/३० गते)

भरसनिया देवीको पति, महोतरी जिल्ला, सिड्याही गा.पा वडा नं. ०८ हाल महोतरी जिल्ला, भँगहा न.पा. वडा नं. ०२, बस्ने अभिलाख दास कथबनिया (ना.प्र.नं. ८८१९१७६१, जारी मिति २०३५/१२/२६, जिल्ला प्रशासन कार्यालय महोतरी)को मिति २०८१/०१/२९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भँगहा शाखामा रहेको बचत खाता नं. ०७८०१०३०७४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय भँगहामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय भँगहा, महोतरी फोन नं. ९८५४०३५२३९

**रिलायन्स फाईनान्स लिमिटेडको हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मितिः २०८२/०२/३०)

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. १३ बस्ने जगत रत्न हाडाको छोरा ध्रुव रत्न हाडाको मिति २०८१/०१/२७ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०१११०११०००७९७ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतककी श्रीमती मोहीनी हाडाले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा


## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOB SUPPORT COOPERATIVE

पूर्व स्वीकृति मिति २०८१/०२/२८ | LT. No. 306250 | चलानी नं. ६०२२०९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 1 | 0 | 280000 | २,३७,१०५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORLD LEGENDS CONTRACTING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 301434 | चलानी नं.:६०२१६३३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAAYAN GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०२/२८ | LT. No. 306198 | चलानी नं. ६०२२०९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 15 | 0 | 1200 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4599632, 9801000591, 9801000593, 9843685128
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MENASA AL MIMAR CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०२/२८ | LT. No. 306203 | चलानी नं. ६०२२०९३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 8 | 0 | 1000 | ३५,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ५ गते (19th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४१००० | प्रति तोला – १४०३०० | प्रति तोला – १८१५ |



**मकै घर लैजाने तयारी** | सुनसरीको इनरुवाका किसान भाँचेको मकै घर लैजाने तयारी गर्दै ।
तस्बिर : नवीन गड्तौला/रासस

## सूचना प्रविधि उद्योगलाई संरक्षण र प्रवर्द्धन गर्ने सरकारको योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाललाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधि दशक घोषणासहित रु ३० खर्बको निर्यात र १५ लाखलाई रोजगारी दिने कुरा महत्वाकांक्षी भए पनि सफल पार्न सकिनेमा सरोकारवालाहरू निश्चिन्त देखिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)द्वारा मंगलबार आयोजित गरेको 'सूचना प्रविधि दशक र आगामी कार्यदिशा' विषयक कार्यक्रममा सरोकारवाला विज्ञहरूले नीतिगत सुधार र कानुनी अल्झन हटाइ स्थिर नीति बनाउन सकेको खण्डमा रु ३० खर्बको सूचना प्रविधि सेवा निर्यात गर्न सम्भव हुने बताए ।

अर्थमन्त्री वर्षामान पुनले आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत दश वर्षमा रु ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा दश लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य प्राप्त गर्न सरकारले नीतिगत निर्णय गरी उद्योगलाई संरक्षण र प्रवर्द्धन गरेर निजी क्षेत्रलाई प्रोत्साहन गर्न खोजेको बताए । अर्थमन्त्री पुनले सूचना प्रविधिलाई प्राथमिकतामा राखी कानुनी आधार तयार गरी सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वका लागि उच्चस्तरीय आयोग गठन गर्ने जानकारी दिए ।

उनले 'डिजिटल नेपाल फ्रेमवर्क' परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्ने, काठमाडौं उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत्, सुरक्षालगायत पूर्वाधारसहित सूचना प्रविधिपार्क सञ्चालन अगाडि बढाइने जानकारी दिँदै कम्तीमा प्रत्येक प्रदेश समेटिने गरी १० ओटा सूचना प्रविधि पार्क बनाउने योजना सरकारको रहेको बताए । अरु वस्तु तथा सेवा



निर्यात गर्दा बल्लबल्ल डेढ खर्बको निर्यातमा पुगेको अवस्थामा आइटी क्षेत्रमा थोरै सहजीकरण गर्न सके वार्षिक रु तीन खर्बको निर्यात गर्न सकिने अनुभव यस क्षेत्रका विज्ञहरूको रहेको पनि उनको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आइटी दशकको लक्ष्यमा पुग्न मन्त्रालयको नेतृत्वमा कार्यदल गठन गरिने स्पष्ट पार्दै हरेक वर्ष गर्नुपर्ने क्रियाकलापको स्पष्ट खाका कोरिने बताए ।

आगामी आवको बजेटले सूचना प्रविधि क्षेत्रमा लिएका नीति कार्यान्वयनका लागि नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणले सोही अनुरूप बजेट बनाइरहेको बताउँदै शर्माले स्वदेशमा बनेका सफ्टवेयरलाई स्वदेशमै खपत गराउन सरकार लागि परेको पनि जानकारी दिए ।

काठमाडौं र बुटवलमा बन्ने सूचना प्रविधि पार्कमा निःशुल्क स्थान उपलब्ध गराउने र सार्वजनिक-निजी साझेदारीमा विभिन्न कार्यक्रम गरिने पनि सञ्चारमन्त्री शर्माले बताए । डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र इनोभेसनको प्रवर्द्धन, रोजगारीको सिर्जना, डिजिटल सुशासनका लागि सरकारले आवश्यक नीति र कानुनको परिमार्जन गर्दै अघि बढ्ने दृढता पनि उनले प्रकट गरे । आगामी आर्थिक वर्षलाई सूचना-प्रविधि दशकको प्रस्थान वर्षका रूपमा अगाडि बढाउने र सूचना प्रविधिलाई अर्थतन्त्रको खम्बाका रूपमा स्थापित गर्ने धारणा राखे ।

सूचना प्रविधिमार्फत् अर्थतन्त्रको विकास र रोजगारी सिर्जनाका निम्ति सरकारले अगाडि बढाएका कार्यक्रम प्रभावकारी तुल्याउन र प्रविधिको प्रयोगमार्फत् आर्थिक सामाजिक रूपान्तरण गर्न सकिने मन्त्री शर्माले स्पष्ट पारे ।

## कर्पोरेट

### ग्लोबल आइएमई बैंकको 'डिजिटल युनिभर्स' सञ्चालनमा

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले अधिकांस बैंकिङ सेवाहरू बैंकको वेबसाइटमार्फत अनलाइन उपलब्ध गराउने गरी 'डिजिटल युनिभर्स' सञ्चालनमा ल्याएको छ । सूचना प्रविधिको विकास र विस्तारसँगै विश्वभर देखिएको डिजिटल बैंकिङतर्फको बढ्दो आकर्षण र ग्राहकहरूको आवश्यकतालाई मध्यनजर गरी बैंकले आफ्ना दुई दर्जनभन्दा बढी सेवाहरूलाई बैंकको वेबसाइट मार्फत अनलाइनबाटै प्रदान गर्ने व्यवस्था गरेको हो ।




बैंकले क्युआर कोड तथा पीओएस रजिस्ट्रेसन, इजी बाई इजी पे, इकम कार्ड आवेदन, मुद्दती निक्षेप खाताको आवेदन, नयाँ क्रेडिट कार्ड आवेदन, मोबाइल बैंकिङ एक्सेस, मोबाइल बैंकिङ ब्लक तथा अनब्लक, डेबिट कार्ड ब्लक तथा अनब्लक, नयाँ डेबिट कार्ड आवेदन, डेबिट कार्ड परिवर्तनको आवेदन, ग्रिन पिन (डेबिट कार्डको लागि) आवेदन, क्रेडिट कार्डको विवरणको लागि आवेदन, क्रेडिट कार्ड परिवर्तनको आवेदन, ग्रिन पिन (क्रेडिट कार्डको लागि) आवेदन, क्रेडिट कार्ड ब्लक तथा अनब्लक, डिम्याट, सिआस्बा, मेरो सेयर, टीएमएस खाता खोल्ने, मुद्दती खाता प्रिम्याचुयर आदि ग्राहकमैत्री सेवाहरू बैंकको वेवसाइटबाटै अनलाइन प्रदान गर्नेछ । ग्राहकहरूले यस बैंकको वेवसाइटमा रहेको 'डिजिटल युनिभर्स' मा गई वा सिधै क्लिक गरी उल्लेखित सेवाहरू आफ्नो अनुकुलमा प्रयोग गर्न सकिनेछ । बैंकले केहि दिन अगाडिमात्र विभिन्न स्वचालित डिजिटल बैंकिङ सेवाहरू प्रदान गर्ने गरी छुट्टै लाउन्ज 'डिजिटल युनिभर्स' सञ्चालनमा ल्याएको थियो ।

### मुक्तिनाथ विकास बैंकद्वारा विद्यालय भवन निर्माणमा सहयोग

**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले बझाङको एक विद्यालय भवन निर्माणका लागि सहयोग गरेको छ । बैंकले शिक्षा क्षेत्रमा टेवा पुग्ने उद्देश्यले २०८० साल असोज १६ गते बझाङ केन्द्रविन्दु भई गएको भुकम्पबाट प्रभावित बझाङको थलरा गाउँपालिका वडा नं. ९ स्थित भवानी आधरभूत विद्यालयको भवन पुनःनिर्माणका लागि नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्लासँग सहकार्य गरी आर्थिक सहयोग गरेको हो ।

हाल, नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला सँग सहकार्य गरि निर्माण गरिएको उक्त भवनको निर्माण कार्य सम्पन्न भई एक कार्यक्रमबीच विद्यालयलाई हस्तारण गरिएको छ । सो भवन निर्माण कार्यका लागि अभिभावक तथा अन्य स्थानियवासीहरूले श्रमदान समेत गरेका थिए । यस सहयोगहरूबाट मुक्तिनाथ विकास बैंकले विद्यार्थीहरूले



नवनिर्मित भवनमा बसेर राम्ररी पढ्न पाउने, घाम, पानीबाट सुरक्षित बसी आफ्नो दैनिक पठन-पाठन कार्य गर्न मद्दत पुग्ने विश्वास लिएको छ ।

### युवा तथा जलवायु कार्य सम्मेलन सम्पन्न




**काठमाडौं (प्रस)–** युवा तथा जलवायु कार्य सम्मेलन २०२४ सम्पन्न भएको छ । ब्रिटिस काउन्सिलले आयोजना गरेको उक्त सम्मेलन जुन ३ देखि जुन १० सम्म चलेको थियो । यस सम्मेलनको उद्देश्य हरित अर्थतन्त्र र जलवायु कार्यमा युवा नेतृत्वको अन्तरसम्बन्ध पत्ता लगाउन विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई भेला गर्नु रहेको थियो ।

सहभागीहरूले जलवायु परिवर्तनसँग सम्बन्धित चुनौति र अवसरहरूबारे छलफल गर्ने उद्देश्यले विभिन्न गतिविधिहरू मार्फत सक्रिय रूपमा सहभागिता जनाएका थिए । कार्यक्रमले युवाहरूलाई रचनात्मकता, सक्रियता र रोकथामका उपायहरू मार्फत जलवायु संकटसँग जुध्न आफ्ना विचारहरू आदानप्रदान गर्ने मञ्च प्रदान गरेको थियो । संयुक्त अधिराज्य र नेपाल साझेदारहरूको कन्सोर्टियमसँगको सहकार्यमा, हामीले दिगो हरित अर्थतन्त्र र जलवायु कार्यमा केन्द्रित एक दिने विचार गोष्ठी आयोजना गर्‍यो ।

गोष्ठीमा अन्तरक्रियात्मक संस्कृति कार्यशालाहरू र विद्यार्थी तथा विज्ञहरूका लागि डिजाइन गरिएको विशेष सत्रहरू समावेश थिए । उक्त अवसरमा नवप्रवर्तनकारी हरित परियोजनाहरू प्रस्तुत गर्ने एक हप्ता लामो प्रदर्शनी तारागाउँ नेक्स्ट, बौद्धमा जुन १० सम्म खुला रहेको थियो । प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको थियो । भेलाले बुद्धिजीवीहरू, कलाकारहरू, अभियन्ताहरू, समुदायका सदस्यहरू, शिक्षाविद्हरू, शिक्षकहरू, र युवा नवाचारहरूलाई दिगो भविष्यमा योगदान पुर्याउनको लागि सिर्जनशीलता, उद्यमशीलता, र वातावरणीय दिगोपनको खोजी गर्न सबैलाई एकताबद्ध गरेको थियो ।

## मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन

■ प्रभाव संवाददाता

**तनहुँ–** तनहुँको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट पूर्णक्षमतामा विद्युत् उत्पादन हुन थालेको छ । केन्द्र प्रमुख इञ्जिनीयर पशुपति गौतमले समयमा वर्षा भएकाले जेठको दोस्रो सातादेखि पूर्णक्षमतामा विद्युत् उत्पादन हुँदै आएको जानकारी दिए ।

केन्द्रमा रहेका तीनवटा युनिटबाट २३/२३ मेगावाटका दरले ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको उनले बताए । 'सुख्खायाममा हिउँ कम पग्लने र नदीमा मिसिएका खोलाखोल्सी र झरनाको पानी कम हुँदा विद्युत् उत्पादन घटेर ३० मेगावाटसम्म पुग्ने गरेको छ । यसपटक समयमा वर्षा भएकाले हाल पूर्णक्षमतामा विद्युत् उत्पादन भएको हो', उनले भने ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी भएकोले गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिँउ धेरै पग्लिने गरेकाले पानीको अभाव नभएको गौतमले बताए । 'वर्षा धेरै हुँदा यसका सहायक नदी, खोलामा पानीको बहाव बढेसँगै विद्युत् उत्पादन बढ्ने गर्दछ', उनले भने, 'सुख्यायाममा भने हिउँ कम पग्लने र नदीमा मिसिएका खोलाखोल्सी र झरनाको पानी कम हुने भएकोले पानीको बहाव थोरै हुँदा विद्युत् उत्पादन पनि घट्ने गरेको छ ।' यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौंको स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

## नेप्से परिसूचकमा उछाल

### ३३ अंकले नेप्से बढ्दा साढे ५ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** जलविद्युत् कम्पनीको सेयर कारोबार चम्किँदा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३ दशमलव १५ अंकले बढेको छ । मंगलबार नेप्से परिसूचक एक दशमलव ५९ प्रतिशतले बढेर दुई हजार एक सय १५ दशमलव २४ को बिन्दुमा कायम भएको हो ।

तीन सय ११ कम्पनीको एक करोड २६ लाख ६५ हजार तीन सय २९ कित्ता सेयर ७४ हजार आठ सय ७७ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ५५ करोड ५३ लाख ६१ हजार सात सय ३९ बराबरको कारोबार भएको छ । जलविद्युत् कम्पनीहरूको मात्र रु दुई अर्ब २८ करोड सात लाख ९० हजार आठ सय ४५ बराबरको ५९ लाख ७९ हजार चार सय ४३ कित्ता सेयर किनबेच भएको छ ।

कारोबारमा जलविद्युत् समूहको उपसूचक दुई दशमलव ५८, व्यापार दुई दशमलव १२, निर्जीवन बीमा दुई दशमलव १९, जीवन बीमा दुई दशमलव ४० र वित्त समूह दुई दशमलव १६ प्रतिशतले बढेको छ । बैंकिङ समूह एक दशमलव ७३, विकास बैंक एक दशमलव ४२, होटल तथा पर्यटन शून्य दशमलव ५९, लगानी एक दशमलव ०९ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ४० प्रतिशतले बढेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ५० र अन्य समूहको उपसूचक शून्य दशमलव ५३ प्रतिशतले बढेको छ ।

बरुण हाइड्रोपावर कम्पनी लिमिटेड, ग्रीन भेन्चर लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड र भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ्ग पावर कम्पनी लिमिटेडको सेयर मूल्य पाँच दशमलव ८१ र कुमारी इक्विटी फन्डको सेयर मूल्य चार दशमलव ९४ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धैरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३६ करोड ३० लाख ९२ हजार नौ सय १० बराबरको पाँच लाख २५ हजार एक सय ८५ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ